# सुदूरपश्चिम प्रदेश दर्पण

# आरम्भ




प्रकाशक

## प्रदेश प्रमुखको कार्यालय

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

फोन नं.- ०९१-५२४२७३

वेवसाइटः https://oph.sudurpashchim.gov.np/

इमेलः ophsudurpaschim@gmail.com

**संरक्षकः**
माननीय प्रदेश प्रमुख श्री नजिर मियाँ

**सल्लाहकारः**
सचिव श्री नवराज ढुंगाना

**सम्पादन समूहः**
संयोजक- उपसचिव श्री शेखर कुमार रोकाया
सदस्य- शाखा अधिकृत श्री गंगाराम सापकोटा
सदस्य- शाखा अधिकृत श्री दीर्घराज भट्ट
सदस्य- कम्प्युटर अधिकृत श्री शम्शेर बहादुर रावल
सदस्य- कम्प्युटर अपरेटर श्री टेक बहादुर किमाडी

**प्रकाशकः**
प्रदेश प्रमुखको कार्यालय
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।
प्रकाशन वर्ष- २०८२ जेठ
फोन नं.: ०९१-५२४२७३
वेवसाइट-https://oph.sudurpashchim.gov.np/
इमेल-ophsudurpaschim@gmail.com

© **सर्वाधिकार**: प्रदेश प्रमुखको कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी

## सम्पादकीय

नेपालको वर्तमान संविधान जारी भएर देश संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा गएसँगै शासकीय अधिकार संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजन भई तत् तहबाट संविधानप्रदत्त अधिकारको सीमाभित्र रही आफ्नो काम, कर्तव्य सम्पादन हुँदै आएको छ । प्रदेश तहमा प्रदेशको शासन व्यवस्था संचालनको कार्यकारिणी अधिकार प्रदेश सरकार (मन्त्रिपरिषद्) मा निहित रहेको छ । नेपालको संविधान र अन्य प्रचलित कानुनको अधिनमा रही प्रदेश सरकारको काम कारवाहीमा सहयोग र सहजीकरणका लागि प्रत्येक प्रदेशमा नेपाल सरकारले तोकेको प्रतिनिधिको रुपमा प्रदेश प्रमुख रहने व्यवस्था छ । नेपाल सरकार, मन्त्रिपरिषद्को सम्वत् २०८०/११/२८ गतेको बैठकको निर्णय एवम् सिफारिसमा सम्माननीय राष्ट्रपतिज्यूबाट नेपालको संविधानको धारा १६३ को उपधारा (२) बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश प्रमुखमा नियुक्त हुनुभई सम्माननीय राष्ट्रपतिज्यूसमक्ष नेपालको संविधानको धारा १६७ बमोजिम प्रदेश प्रमुख पदको पद तथा गोपनीयताको शपथ ग्रहण गरी यस प्रदेशमा मिति २०८० फागुन ३० देखि माननीय प्रदेश प्रमुख नजिर मियाँले कार्यसम्पादन गरिरहनु भएको छ ।

संघीयता राज्य संचालनको समग्र प्रणाली हो । यसले राज्यको सारभौम सत्तालाई बहुतहमा बिभाजन गर्दछ । तसर्थ संघीयतालाई बहुतहको सरकारको पूर्ण प्रणालीका रुपमा परिभाषित गरिन्छ । सबै तहका सरकारलाई सार्वभौमसत्ताको अभ्यास गर्ने स्वायत्तता संविधानमा नै व्यवस्था गरिएको हुन्छ । संवैधानिक प्रावधानमा Autonomy & Maintaining unified national goal को सु-स्पष्ट व्यवस्था हुने हुँदा स्वायत्तता र संतुलनको आदर्श व्यवस्था संघीय प्रणाली हो । संघीयतामा तल्लो तथा Provincial/Local सरकारको स्वायत्तताको कति हुने भन्ने कुरा त्यो देशको राजनीतिक प्रणाली, प्रशासनिक अवस्था, श्रोतको व्यवस्थापन, समाजको चाहना, समग्र प्रणालीको दक्षता/परिपक्वता जस्ता बहुआयामिक विषयलाई मध्यनजर गरी संबैधानिक व्यवस्था गरिएको हुन्छ । नेपालको संविधानले सहकार्य, साझेदारी, समन्वय जस्ता पक्षलाई स्वायत्ततासंग आवद्ध गरेको छ । त्यस्तै संयुक्त राष्ट्र संघ अमेरिकाको संविधानले system of dual sovereignty लाई प्रत्याभुत गरेको छ । छिमेकी मुलुक भारत तथा मलेसिया, ब्राजिल जस्ता मुलुकहरूले आ-आफ्नो विशेषतामा आधारित संघीयतालाई कार्यान्वयनमा ल्याएका छन् । तथापी सबै मुलूकहरूका संविधानहरूले निम्न पक्षमा साझा मान्यताको बिकास गरेका छन्- सार्वभौमसत्ताको विभाजन प्रादेशिक सरकारको स्वायत्तता संवैधानिक प्रत्याभुति र सहकार्य/साझेदारी ।

यी व्यवस्थाले संघीयतामा सरकारको चरित्रलाई जनमुखी व्यवहारलाई जनमैत्री तथा समग्र प्रणालीलाई जन नियन्त्रित बनाउँदछ । नागरिकप्रतिको उत्तरदायित्व बहुतहका सरकारले बहन गर्नुपर्ने हुँदा सरकार नागरिकका आशा, अपेक्षा भन्दा बाहिर रहन सक्दैन । सरकार नागरिकको नजिकमा पुग्नु, नागरिक संगै रहन र नागरिकको भरोसाको रुपमा आफूलाई स्थापित गराउनु नेपालको संघीयताको मूल पक्ष हो । सार्वजनिक सेवालाई सरल, सहज र पहुँचयोग्य बनाउनु संघीयताको सिद्धान्त हो । सार्वजनिक सेवा प्राप्तिमा नागरिक अधिकार सुनिश्चित गर्नु, निर्णयका तहमा नागरिक आवाजलाई स्थान दिनु, सबै संरचनामा नागरिकको सर्वोच्च स्थानलाई प्रत्याभूत गर्नु यसको मुख्य आदर्श (Fundamental) हो ।

नेपालको सन्दर्भमा संघीयता द्वन्द्व समाधानको गर्न साध्य, राज्य प्रणालीलाई समावेशी र सहभागितामूलक बनाउने प्रणाली, सेवा प्रवाहलाई नागरिकको घर-आगनमा पुर्‍याउने औजार, विकास निर्माण, राष्ट्र निर्माणको गति बढाउने साधन तथा समग्र राज्य प्रणालीलाई रुपान्तरण गर्ने Mechanism का रुपमा लिइएको छ । संघीयताले नेपालको राज्य संचालनका सबै आयाम, सबै प्रणाली सबै क्षेत्र र सबै Actor को समग्र परिवर्तन गरेको छ । त्यसैले संघीयता नेपालको समग्र राज्य प्रणालीको समग्र

प्रणालीको Total Change गर्ने साधनका रुपमा स्थापित भएको छ । नेपालको वर्तमान संविधानले सारतः केन्द्र सरकारलाई राष्ट्रिय नीति, राष्ट्रिय मार्गदर्शन तथा मापदण्डको निर्माणमा केन्द्रित गरेको देखिन्छ भने प्रादेशिक सरकारलाई बिकासको इन्जिन तथा स्थानीय सरकारलाई सेवा प्रदायकको मुख्य बअतयच का रुपमा लिएको पाइन्छ ।

कुनै पनि System पूर्ण तथा गुनासो रहित हुन सक्दैन । संघीयतामा पनि विभिन्न कमजोरी हुन सक्छन् । यसको कार्यान्वयनमा विभिन्न गुनासाहरू आउन सक्छन् । तथापी संघीय प्रणालीमा मुख्यतः हामीले केही पक्षमा ध्यान दिनु पर्ने हुन्छ । जस्तै- सार्वजनिक सेवालाई जुन तहबाट सेवा प्रवाह गर्दा सहज सरल र सस्तो हुन्छ त्यही तहबाट सेवा प्रवाहको व्यवस्था गरी नागरिकलाई संघीयताबाट प्राप्त उपलब्धिको व्यवहारिक लाभ प्रदान गर्ने । सार्वजनिक क्षेत्रका संस्थाको क्षमता विकास गरी Institutional development मा विशेष ध्यान दिई संस्थाको औचित्यता नागरिकले अनुभुति हुने गरी functional बनाउने यसका लागि कानुनी प्रबन्ध, श्रोत साधनको उपलब्धता, व्यवसायिक विकास, जनशक्ति परिचालन जस्ता पक्ष महत्वपुर्ण देखिएका छन् ।

नेपालको संघीयतामा प्रदेश सरकार सबैभन्दा कान्छो सन्तान हो । यो जन्मिने बित्तिकै अरु जस्तो बलियो छैन । केन्द्र र स्थानीय प्रणाली सशक्त भएको हाम्रो विगतको अभ्यासमा प्रदेश सरकारले आफुलाई स्थापित गर्न विशेष रुपले काम गर्नुपर्ने देखिन्छ । यस्तै अरु सरकार तथा नागरिक तहबाट प्रदेश सरकारलाई हुर्काउन, बढाउन, सबल⁄सक्षम बनाउन अतिरिक्त लगानी, प्रेम र मार्गदर्शन आवश्यक छ । नयाँ⁄कान्छो सन्तान भएकोले अरु जस्तो परिपक्व, सबल⁄सक्षम नहुन सक्छ, त्यसमा सबैले सहयोग गर्नुपर्ने देखिन्छ । संघीयता प्रणालीमा vertical सँगसँगै horizontal तहका कामको मूल्यांकन हुन्छ । एकातिर प्रत्येक प्रदेशको सम्भाव्यता के छ भनेर हेरिन्छ भने अर्कोतर्फ त्यस प्रदेशको विकासका सूचकहरू कस्तो अवस्थामा छन् सबैको चासो हुन्छ । विकासको अवस्था देखाउन र श्रोत साधनको वितरणलाई समन्यायिक बनाउन तथ्य र तथ्यांकको भूमिका विशेष हुन्छ । सबै पक्षलाई ध्यानमा राखेर हामीले यो पुस्तिकामा विभिन्न क्षेत्र र विषयवस्तु समेटेका छौ ।

माननीय प्रदेश प्रमुख नजिर मियाँ सुदूरपश्चिम प्रदेशको प्रदेश प्रमुखको पदमा बहाली भएपश्चात हालसम्मको सम्पादित मुख्य मुख्य गतिविधिहरू, कार्यालयको समग्र वस्तुस्थिति, सुदूरपश्चिम प्रदेशको तथ्यांकीय झलक र सुदूरपश्चिम प्रदेशका महत्वपुर्ण धार्मिक, सांस्कृतिक लगायत अन्य पर्यटकीय सम्पदाहरूको छोटो चिनारी सहितको विवरण समेटी यो पुस्तिका प्रकाशन गरिएको छ । सुदुरपश्चिम प्रदेश प्रमुखको कार्यालय र समग्र सुदूरपश्चिम प्रदेशको बारेमा थप जानकारी प्रदान गर्ने सन्दर्भमा आम नागरिक एवं सरोकारवाला निकायलाई यो पुस्तिकाले सन्दर्भ सामग्रीको रुपमा काम गर्नेछ भन्ने विश्वास हाम्रो रहेको छ ।

अन्तमा, **"सुदूरपश्चिम प्रदेश दर्पण"**- आरम्भ प्रकाशनका लागि उत्प्रेरित गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, श्रीमान सचिवज्यू, प्रत्यक्ष र परोक्ष रूपमा संलग्न हुनुभएका यस कार्यालयका कर्मचारीहरू, स्वकीय सचिवालयका कर्मचारीहरू, पदाधिकारीहरू एवम् अन्य शुभेच्छुक महानुभावहरूप्रति आभार व्यक्त गर्दै आगामी दिनमा यी र यस्तै प्रकारका प्रकाशनको कार्यलाई अझ परिष्कृत बनाउन सरोकारवाला पक्षसँग सकारात्मक एवम् रचनात्मक सुझावको अपेक्षा गरिएको छ ।

# नेपाल सरकार

**प्रदेश प्रमुख**
**सुदूरपश्चिम प्रदेश**
**धनगढी, कैलाली**



## शुभकामना सन्देश

प्रदेश प्रमुखको कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी कैलालीद्वारा **'सुदूरपश्चिम प्रदेश दर्पण'-आरम्भ** प्रकाशित गर्न लागेको उपलक्ष्यमा खुसी लागेको छ । सुदूरपश्चिम दर्पणले यस कार्यालयवाट सम्पादन गरिएका वार्षिक क्रियाकलापहरू, सुदूरपश्चिम प्रदेशका महत्वपुर्ण धार्मिक तथा सांस्कृतिक सम्पदाहरू, सुदूरपश्चिम प्रदेशको जनसंख्या, भूगोल र आर्थिक सामाजिक तथ्याङ्कहरूको जानकारी प्रदान गर्ने विश्वास लिएको छु ।

मुलुकको संविधान, ऐन र कानूनको अधिनमा रही प्रकाशित हुने कुनै पनि प्रकाशन आफैमा एउटा महत्वपुर्ण दस्तावेज र सूचना एवम् जानकारीको संवाहक पनि हो । विशेषतः धार्मिक तथा साँस्कृतिक सम्पदा, भौगोलिक अवस्थिति र यस कार्यालयका वार्षिक क्रियाकलापहरू सम्वन्धी जानकारीले लिन चाहनेले यस पुस्तकवाट सूचना र जानकारी लिन सक्नेछन । प्रदेश प्रमुख कार्यालयका सचिव तथा सम्पूर्ण कर्मचारीहरूको दृढसंकल्प, कार्यकुशलता र परिश्रमको प्रतिफलस्वरुप यो प्रकाशनको सम्भव भएको हो । यस प्रकाशनमा आवश्यक सहयोग गर्ने कर्मचारी तथा निजी सचिवालयका सदस्यहरूलाइ धन्यवाद दिन चाहन्छु ।

अन्तमा, यो संस्करण सवैका लागि पठनीय, जानकारीमुलक र संग्रहणीय वन्ने विश्वास व्यक्त गर्दै यस्ता विशेषाङ्क प्रकाशनले निरन्तरता पाउँदै जाओस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

नजिर मियाँ
प्रदेश प्रमुख

नेपाल सरकार
**प्रदेश प्रमुखको कार्यालय**
सुदूरपश्चिम प्रदेश

फोन नं.: ०९१-५२४२७३
फ्याक्स नं.: ०९१-५२४६५
इमेल: ophsudurpaschim@gmail.com
वेवसाइट: http://oph.sudurpashchim.gov.np/
धनगढी, कैलाली

# मन्तव्य



प्रदेश प्रमुखको कार्यालय सुदूरपश्चिम प्रदेशले आफ्नो प्रकाशन **"सुदूरपश्चिम प्रदेश दर्पण"- आरम्भ** पुस्तिका प्रकाशन गर्न लागेको छ। यस पुस्तिकाको प्रकाशन माननीय प्रदेश प्रमुखज्यूको सोच, मार्गदर्शन तथा कार्यालयमा कार्यरत सम्पुर्ण कर्मचारीको मेहनत, परिश्रम तथा लगावको नतिजा हो । सामुहिक क्रियाशिलता तथा परिश्रमको नतिजा स्वरुप सिमित स्रोत र साधनका अलावा पनि यो पुस्तिका प्रकाशन सम्भव भएको छ। यसमा कार्यालयका सबै सहकर्मी साथीहरूको उर्जा, क्रियाशिलता, निरन्तरता र पुस्तिका प्रकाशन गर्ने तृष्णा मुख्य पक्ष रहेको स्मरण गर्दछु ।

सुदूरपश्चिम प्रदेशका बहुआयामिक परिचय र ख्यातीहरू छन् । यस प्रदेशमा राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा पहिचान र परिचय बनाएका ऐतिहासिक महत्वका सम्पदाहरू, धार्मिक तथा सांस्कृतिक पक्षहरू, पर्यटकीय स्थलहरू छन् । प्राकृतिक स्रोत र साधनमा यो प्रदेश सम्पन्न रहेको विधितै छ। यस सम्बन्धमा उपलब्ध रहेका सूचना र विवरणलाई यस पुस्तिकामा समेट्ने प्रयास गरिएको छ ।

विकासका विभिन्न आयाममा सुदूरपश्चिम प्रदेशको अवस्था झल्काउने तथ्य तथा तथ्याङ्कलाई सम्भव भएसम्म समेट्न खोजिएको छ । साथै कार्यालयका विभिन्न गतिविधि र क्रियाकलापको विवरण समेत संलग्न गरिएको छ। मुख्यत: माननीय प्रदेश प्रमुखज्यूको पदबहाली पश्चात यस कार्यालयबाट सम्पादित प्रमुख गतिविधिलाई सचित्र समेटिएको छ। पुस्तिकामा संलग्न तथ्य, तथ्याङ्क, सूचना तथा विभिन्न विवरण र तस्विरहरू विभिन्न स्रोतहरूबाट संलग्न गरिएको छ। सूचनाका सबै स्रोत तथा प्रकाशन प्रति आभारी छौ ।

पुस्तिका प्रकाशनमा निरन्तरको मार्गदर्शनका लागि प्रदेश प्रमुख माननीय नजिर मियाँ प्रति हार्दिक आभार तथा धन्यवाद टक्रयाउदछु। यस कार्यमा निरन्तर क्रियाशिल भै पुस्तकलाई प्रकाशनको अवस्थामा ल्याउनु हुने कार्यालयका सबै कर्मचारी मित्रहरूलाई हार्दिक धन्यवाद टक्रयाउदछु। प्रकाशनका रुपमा यस कार्यालयको पहिलो प्रयास हो, तसर्थ यसमा कमजोरीहरू अवश्य होलान ति सबै कमजोरी प्रति क्षमा माग्दछु। साथै यस पुस्तिका सुदूरपश्चिम प्रदेशको परिचय दर्शाउने दस्तावेज बन्न सकोस भन्ने अपेक्षा साथ समृद्ध सुदूर पश्चिमको शुभकामना व्यक्त गर्दछु।

धन्यवाद ।

**नव राज ढुंगाना**
सचिव

# विषय-सूची


| क्र.सं. | विषय | पृष्ठ नं. |
|---|---|---|
| १. | माननीय प्रदेश प्रमुख नजिर मियाँज्यूको संक्षिप्त जिवनी | १ |
| २. | सुदूरपश्चिम प्रदेशको संक्षिप्त परिचय | ३ |
| ३. | प्रदेश प्रमुखको कार्यालयको परिचय | ६ |
| ४. | प्रदेश प्रमुखको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित संवैधानिक तथा कानुनी व्यवस्था | १२ |
| ५. | प्रदेश प्रमुखज्यूको पदभार ग्रहणपश्चात हालसम्म सम्पादित विभिन्न गतिविधिहरू | २७ |
| ६. | विभिन्न आयोग/निकायबाट प्रतिवेदन ग्रहण गर्ने क्रममा माननीय प्रदेश प्रमुखज्यूले दिनुभएको मन्तव्य | ३२ |
| ७. | माननीय प्रदेश प्रमुखज्यू सहभागी हुनुभएको विभिन्न कार्यक्रम/गतिविधिहरूको झलक | ३७ |
| ८. | सुदूरपश्चिम प्रदेशभित्र अवस्थित विभिन्न धार्मिक, सांस्कृतिक, पुरातात्विक तथा पर्यटकीयस्थलहरू | ५५ |
| ९. | कार्यालय स्थापनापश्चात प्रदेश प्रमुखज्यूबाट हालसम्म प्रमाणीकरण भएका विभिन्न विधेयकहरू | ७५ |
| १०. | सन्दर्भ सामग्री | ८० |

# प्रदेश प्रमुखको कार्यालय स्थापना भएपश्चात हालसम्मका मानननीय प्रदेश प्रमुखज्यूहरुको विवरण



**मोहनराज मल्ल**
२०७४/१०/५ देखि २०७६/७/१७



**शर्मिला कुमारी पन्त**
२०७६/७/१८ देखि २०७८/१/२०



**गंगा प्रसाद यादव**
२०७८/१/२० देखि २०७८/७/२३



**देवराज जोशी**
२०७८/७/२३ देखि २०८०/११/२९



**नजिर मियाँ**
२०८०/११/३० देखि हालसम्म

# माननीय प्रदेश प्रमुख नजिर मियाँज्यूको संक्षिप्त जीवनी

## पारिवारिक पृष्ठभुमिः

वुवा हाजी मरहुम ज्यान मोहम्मद मियाँ र आमा मर्हुम हज्जीन मुसीरन मियाँनीका जेठो सन्तानको रुपमा माननीय प्रदेश प्रमुखज्यूको जन्म मिति २००८ साल माघ १५ गते अर्घाखाँची जिल्लाको साविक पाली-२, अर्भका (हालः- पाणिनी गा.पा. वडा नं. ८) मा भएको थियो । २०२९ सालमा अर्घाखाँचीकै हज्जीन उजेली मियाँसँग वैवाहिक सम्बन्धमा गाँसिनुभएका उहाँका ८ दाजुभाई र ३ जना बहिनी हुनुहुन्छ। उहाँका ६ छोरा र ३ छोरी गरी ९ जना सन्तान हुनुहुन्छ। उहाँले धार्मिक शिक्षा उर्दू अरबीमा लिनुभएको छ।

अति नरम स्वाभाव, मृदुभाषी, सादगी जिवन मन पराउने नजिर मियाँ बामपन्थी राजनीतिको एक विशिष्ट नाम हो। उहाँ मुस्लिम समुदायको विकास र समृद्धिका लागि लागिपरेका एक महान नेता, मुस्लिम जागरण अभियानको एक हस्तीको रुपमा समेत परिचित हुनुहुन्छ। राजनीतिमा लाग्नु अगाडि उहाँ व्यापार व्यवसायमा आवद्ध हुनुभएको भए पनि २०४८ सालपछि सामाजिक क्षेत्र र राजनीतिमै पुर्ण समय दिईरहनु भएको छ। उहाँ नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०८० फागुन ३० गते सुदूरपश्चिम प्रदेशको प्रदेश प्रमुखको पदमा नियुक्त हुनुभएको थियो।

## राजनैतिक जीवनः

युवा अवस्था देखि नै राजनीतिमा लाग्नुभएका उहाँ २०३२ सालतिर पन्चायती व्यवस्थाको गाउँ फर्क अभियानको समयमा अर्घाखाँची जिल्लाको पालीमा वडा सदस्य हुनुभएको थियो । राजनीतिलाई अगाडि बढाउने क्रममा २०३८ सालको उपप्रधानपन्चको चुनाव र २०४३ सालको प्रधानपन्चको चुनावमा उम्मेदवार बनी झिनो मतान्तरले पराजित हुनुभएका उहाँ २०४६ सालमा वहुदलीय व्यवस्था आएपछि नेकपा (माले) हुँदै नेकपा (एमाले) पार्टीमा रही काम गर्न थाल्नुभएको हो। सोही क्रममा २०४९ सालमा र २०५४ सालमा एमाले पार्टीबाट अर्घाखाँची जिल्लाको तत्कालीन पाली गा.वि.स. को अध्यक्षको रुपमा दुइ कार्यकाल काम गर्नुभएको थियो। उक्त अवधिमा आफ्नो गा.वि.स. को समग्र विकास निर्माण लगायत स्वास्थ्य, शिक्षा क्षेत्रको प्रगति तथा समाज र संस्कृतिको विकासका लागि ठुलो योगदान गर्नुभएको थियो। २०४९ सालमा प्रथम पटक गा.वि.स. अध्यक्ष हुँदा आफ्नो गा.वि.स. भरी डोजरको माध्यमबाट सडक संजाल विस्तार गर्ने कार्यमा सरिक हुनुभयो । विद्यालय र स्वास्थ्य चौकी भवन निर्माणका साथसाथै खानेपानीको व्यवस्था गराउनुभयो।

राजनीति मै आवद्ध रहने क्रममा उहाँ २०६५ सालमा पहिलो संविधान सभामा सदस्यमा मनोनित हुनुभएको थियो। नेपालको वर्तमान संविधान निर्माणको जग बसाल्ने कार्य प्रथम संविधानसभाबाट भएको सन्दर्भमा संविधान सभा सदस्य भएको नाताले उहाँ समेत उक्त कार्यमा प्रत्यक्ष र परोक्ष ढंगले सहभागी हुनुभएको थियो। सो क्रममा संविधानसभा तर्फ नागरिक तथा मानव अधिकार समिति र व्यवस्थापिका

तर्फबाट अन्तराष्ट्रिय सम्बन्ध समितिमा रही काम गर्नुभएको थियो । साथै संविधानसभामा प्रतिनिधित्व गर्ने १७ जना मुस्लिम सभासदको समन्वय समितिको अध्यक्षको भुमिका समेत निर्वाह गर्नुभएको थियो । त्यसैगरी संविधान सभा सदस्य रहेको अवधिमा आफ्नो क्षेत्रमा टेलिफोन लाइन विस्तार, बिजुलीको हाइटेन्सन लाईन विस्तार गर्नमा महत्वपुर्ण योगदान रह्यो । सोही अवधिमा विभिन्न विद्यालयहरुको स्तरोन्नती, पुरातत्व विभागमा पहल गरी पाली क्षेत्रको सबैभन्दा पुरानो मस्जिदको पुनर्निर्माणको कार्य सम्पन्न गराउनुभयो ।

उहाँले एमाले पार्टिको टोल कमिटी देखि केन्द्रिय कमिटीसम्म विभिन्न जिम्मेवारीमा रही काम गर्नुभएको छ । जनवर्गीय संगठन अखिल नेपाल किसान संघको गाउँ अध्यक्ष पनि रहिसक्नु भएका उहाँ २०६६ देखि २०७८ सम्म अर्घाखाँची जिल्लाको एमाले पार्टी इन्चार्जको जिम्मेवारी कुशलतापुर्व सम्पन्न गर्नुभएको थियो ।

## अन्य संघसंस्थासँगको आवद्धताः

संघसंस्था संगको आवद्धताको हकमा उहाँले नेपाल मुस्लिम एकता संगठनको संस्थापक अभियानकर्ता देखि नेपाल मुस्लिम इत्तेहाद संगठनको संरक्षक हुदै सल्लाहकार समितिको सभापतिको जिम्मेवारी सम्हाल्नु भएको छ । उहाँ २०४८ सालदेखि राष्ट्रिय स्तरमा नेपाल मुस्लिम इत्तेहाद संगठन निर्माणका लागि देशदौडाहामा सहभागी हुँदै नेपाल मुस्लिम इत्तेहाद संगठनको केन्द्रिय अध्यक्षको जिम्मेवारीमा रही काम गरिसक्नुभएको छ । गा.वि.स. राष्ट्रिय महासंघको संस्थापक सदस्य समेत भई २०५१ देखि २०७५ सम्म केन्द्रीय स्तरको जिम्मेवारीमा रहेर जिल्ला बाहिर रही काम गर्नुभएको छ । उहाँले सार्क मानव अधिकार फाउन्डेसनको सदस्य, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को आजीवन सदस्य र कार्यसमिति सदस्य तथा सल्लाहकारको रुपमा काम गर्नुभएको छ । उहाँ हालसम्म ३ पटक हज समितिको सदस्य, राष्ट्रिय मानव अधिकार मन्च नेपालको अध्यक्ष, एसियन मुस्लिम कमिटीको सदस्य, सार्क मानवअधिकार फाउन्डेसनको दुई कार्यकाल अध्यक्ष र हाल उक्त फाउन्डेसनको सल्लाहकारको रुपमा रहनुभएको छ । यसका साथै इन्सेकको आजीवन सदस्य रही दुई कार्यकाल कार्यसमिति सदस्यको रुपमा काम गरी हाल सल्लाहकारको रुपमा रहनुभएको छ ।

## वैदेशिक भ्रमण र प्रकाशित कृतिः

सरकारी, संस्थागत आवद्धता र पार्टीको कामको सिलसिलामा केही हिमाली र पहाडि जिल्ला बाहेक प्रायः सबै जिल्लाहरुमा पुग्नुभएको छ । विदेशको हकमा बंगलादेश, भारत, पाकिस्तान, टर्की, साउदी अरेवियाको भ्रमण गर्नुभएको छ । उहाँद्वारा लिखित “संघर्षशील आवाजहरु” नामक एक आत्मवृतान्त कृति पनि प्रकाशित भएको छ ।

# सुदूरपश्चिम प्रदेशको संक्षिप्त परिचय

## पृष्ठभूमिः

नेपालले वर्तमान संविधान जारी भएसँगै संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संघीय शासन प्रणाली अबलम्वन गर्दै त्यी तहहरुको अन्तर सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ । देश संघीयतामा गएसँगै स्थापित सात प्रदेशमध्ये साविक सेती र महाकाली अञ्चलका नौ जिल्लालाई समेटी यस सुदूरपशिचम प्रदेशको स्थापना भएको हो । प्रदेश सभाको २०७५ असोज १२ को निर्णयबाट यस प्रदेशको स्थायी राजधानी कैलालीको गोदावरी नगरपालिकामा तोकिएको भए पनि हाल अस्थायी राजधानी कैलाली जिल्लाको धनगढीमा रहेको छ ।

यो प्रदेश भौगोलिक, प्राकृतिक, सामाजिक तथा साँस्कृतिक विविधताले भरिपुर्ण हुनुका साथै आर्थिक विकास र समृद्धिको सम्भावना बोकेको प्रदेशको रुपमा रहेको छ । चीन र भारतजस्ता उदयीमान अर्थतन्त्र भएका दुई छिमेकी देशसँगको सामिप्यता र भौगोलिक अवस्थितिबाट यस प्रदेशले पर्याप्त लाभ लिन सक्ने देखिन्छ ।

## प्रदेशको भौगोलिक अवस्थाः

साबिकका महाकाली अञ्चलका चार जिल्ला कन्चनपुर, बैतडी, दार्चुला र सेती अञ्चलका पाँच जिल्ला कैलाली, बझाङ्ग, बाजुरा, डोटी, अछाम गरी जम्मा नौ वटा जिल्लाको भुगोल समेटी यो प्रदेशको स्थापना भएको हो । यस प्रदेशमा रहेका नौ जिल्लामध्ये तीन जिल्लाहरू दार्चुला, बझाङ्ग र बाजुरा हिमाली क्षेत्रमा, चार जिल्लाहरू अछाम, डोटी, बैतडी र डडेलधुरा पहाडी क्षेत्रमा तथा दुई जिल्लाहरू कैलाली र कञ्चनपुर तराई क्षेत्रमा पर्दछन् । क्षेत्रफलका हिसावले बझाङ्ग (३,४२२ वर्ग कि. मि.) प्रदेशको सबै भन्दा ठूलो जिल्ला हो भने बैतडी (१,४८२ वर्ग कि. मि.) सबै भन्दा सानो जिल्ला हो । सबै प्रकारको हावापानी भएको यो प्रदेशमा समुद्र सतहबाट १०९ मिटरदेखि ७,१३२ मिटरसम्मको उचाई भएको भू-भाग समेटिएको छ । यस प्रदेशको पूर्वमा कर्णाली प्रदेशका सुर्खेत, दैलेख, कालीकोट र मुगु जिल्ला तथा लुम्विनी प्रदेशको बर्दिया जिल्ला त्यस्तै पशचिम र दक्षिणमा भारत र उत्तरमा कर्णाली प्रदेशको हुम्ला जिल्ला तथा मित्र राष्ट्र चीनको तिव्बत रहेको छ । यो प्रदेशको भौगोलिक अवस्थिति २८० २२" उत्तरी अक्षांशदेखि ३०० ०९" उत्तरी अक्षांश र ८०० ३" पूर्वी देशान्तरदेखि ८१० २५" पूर्वी देशान्तरसम्म रहेको छ ।

पछिल्लो तथ्यांक अनुसार नेपालको कुल क्षेत्रफल १,४७,६४१.२८ वर्ग कि.मि. मध्ये यो प्रदेशले जम्मा १९,९९९.२८ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ । जुन नेपालको कुल भूभागको १३.५५ प्रतिशत हुन आउँछ । क्षेत्रफलका हिसावले यो प्रदेश नेपालको पाँचौ ठूलो प्रदेश हो । प्रदेशको कुल क्षेत्रफल मध्ये हिमाली क्षेत्रमा सबै भन्दा बढी जम्मा ८,३९२.२८ वर्ग कि.मि. (४१.९६%), पहाडी क्षेत्रमा ६,७५० वर्ग कि.मि. (३३.७५%) र तराई क्षेत्रमा ४,८५७ वर्ग कि.मि. (२४.२९%) भूभाग पर्दछ । जलवायुको अवस्था हेर्दा यस प्रदेशको अधिकतम तापक्रम ४५ डिग्री सेल्सियस, न्युनतम तापक्रम माइनस ० डिग्री सेल्सियस र औषत वर्षा १८०० मि.मि. रहेको पाइन्छ । (श्रोत- सुदूरपशिचम प्रदेशको वस्तुस्थिति विवरण, २०८१)

## प्रदेशको राजनीतिक तथा प्रशासनिक विभाजनः

यस प्रदेशमा १६ वटा प्रतिनिधि सभा निर्वाचन र ३२ प्रदेश सभा निर्वाचन क्षेत्र रहेका छन्। स्थानीय तहका रुपमा १ उप-महानगरपालिका, ३३ नगरपालिका र ५४ गाउँपालिका गरी जम्मा ८८ वटा स्थानीय तह र कुल वडा संख्या ७३४ रहेको छ ।

**सुदूरपश्चिम प्रदेशका जिल्लागत स्थानीय तहहरुको विवरण तालिका**

| क्र. सं. | जिल्ला | स्थानीय तहको सख्या | | | | निर्वाचन क्षेत्र | |
|---|---|---|---|---|---|---|---|
| | | उप-महानगरपालिका | नगरपालिका | गाउँपालिका | जम्मा वडा | प्रतिनिधि सभा | प्रदेश सभा |
| १ | कैलाली | १ | ६ | ६ | १२६ | ५ | १० |
| २ | कञ्चनपुर | | ७ | २ | ९२ | ३ | ६ |
| ३ | बझाङ्ग | | २ | १० | ९४ | १ | २ |
| ४ | अछाम | | ४ | ६ | ९१ | २ | ४ |
| ५ | बैतडी | | ४ | ६ | ८४ | १ | २ |
| ६ | बाजुरा | | ४ | ५ | ६९ | १ | २ |
| ७ | डोटी | | २ | ७ | ६५ | १ | २ |
| ८ | दार्चुला | | २ | ७ | ६१ | १ | २ |
| ९ | डडेल्धुरा | | २ | ५ | ५२ | १ | २ |
| जम्मा | | **१** | **३३** | **३३** | **७३४** | **१६** | **३२** |

## जनसांख्यिक विवरणः

राष्ट्रिय जनगणना २०७८ को जनगणना अनुसार यस प्रदेशको कूल जनसंख्या २६,९४,७८३ रहेको छ जुन कुल जनसंख्या २,९१,६४,५७८ को ९.२४ % हुन आउँछ। जसमध्ये महिलाको संख्या १४,२१,९९७ (५२.७७ प्रतिशत) पुरुषको संख्या १२,७२,७८६ (४७.२३ प्रतिशत) रहेको छ । लैगिंक अनुपात ८९.५१ रहेको छ भने वार्षिक जनसंख्या वृद्धिदर ०.५२ % रहेको छ। सोही प्रतिवेदन अनुसार यस प्रदेशको प्रति वर्ग कि.मि भित्रको जनघनत्व १३८, घर परिवार संख्या ५,७७,१०२, परिवारको औषत आकार ४.६७ प्रति परिवार रहेको छ। सुदूरपश्चिममा जनसंख्याको दृष्टिले सबैभन्दा ठुलो जिल्ला कैलाली हो भने सबैभन्दा सानो जिल्ला दार्चुला हो। जनसंख्याको हिसावले यो प्रदेश देशको पाँचौं ठूलो प्रदेशको रुपमा रहेको छ।

यस प्रदेशको शाक्षरता दर ७६.२ प्रतिशत रहेको छ। जसमा ८५.४ प्रतिशत पुरुष र ६८.२ प्रतिशत महिला साक्षर छन्। यस प्रदेशको मानव विकास सूचकाङ्क ०.५७४ रहेको छ। (श्रोत- सुदूरपश्चिम प्रदेशको वस्तुस्थिति विवरण, २०८१)

## धार्मिक, सांस्कृतिक सम्पदा तथा प्राकृतिक श्रोतसाधनः

हिमाल, पहाड र तराई तीनवटै भौगोलिक क्षेत्रको समिश्रण रहेको यो प्रदेश धार्मिक, सांस्कृतिक तथा पर्यावरणीय दृष्टिकोणबाट धनी प्रदेशको रुपमा रहेको छ। प्रदेशको उत्तरी भु:भाग साईपाल हिमाल, उरै भन्ज्याङ्ग, बडीमालिका क्षेत्र, अपि हिमाल, टिंकर नाकादेखि जैविक विविधताले धनी तराईको उर्वर भुमि

र सो क्षेत्रमा रहेका शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, घोडाघोडी ताल, कर्णाली चिसापानी क्षेत्र यसै प्रदेशमा अवस्थित छन् । यस प्रदेशका प्रमुख नदीहरुमा सेती र महाकाली हुन् । अन्य सहायक नदीहरुमा चमेलिया, बुढीगंगा, सुर्नाया, ढिकगाड, होपरीगाड, रंगुन, डोटेलीगाड, रुपालगाड, खुटिया, मोहना, बानरा, पथरैया, गौरीगंगा, बाहुलीगाड आदि हुन् । प्राकृतिक श्रोतसाधनतर्फ यो प्रदेशमा जडिवुटी/वनसम्पदा, जलविद्युत, वायुउर्जाका अलावा पेट्रोलियम पदार्थ, चुनढुंगा, पत्थर, कोइला, अभ्रख, फलाम, तामा, सिसा खानीको सम्भावना रहेको छ ।

यस प्रदेशमा रहेका मुख्य मुख्य पर्यटकीय, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक र पर्यावरणीय क्षेत्रहरुको विवरण यसप्रकार रहेको छ ।

| क्र.सं. | जिल्ला | पर्यटकीय र पर्यावरणीय क्षेत्रहरु | धार्मिक, सांस्कृतिक तथा पुरातात्विक क्षेत्र |
|---|---|---|---|
| १ | कैलाली | कर्णाली चिसापानी, कोइलही ताल, टिकापुर पार्क, जोखर ताल, घोडाघोडी ताल क्षेत्र | भादागाँउ थारु होमस्टे, गार्वा दरवार क्षेत्र बेहडाबाबा, गोदावरीधाम, वनदेवी मन्दिर, शिवपुरीधाम, नैनादेवी मन्दिर |
| २ | कञ्चनपुर | शुक्लाफाँटा राष्ट्रिय निकुन्ज, बेतकोट ताल, दोधारा चाँदनी झोलुंगे पुल, झिलमिला ताल, बन्दा ताल, प्यारा ताल | सिद्धनाथ मन्दिर, ब्रम्हदेवधाम, भम्केनीधाम, बैजनाथ मन्दिर, सिद्धबाबा मन्दिर |
| ३ | बझाङ्ग | सुर्मासरोवर ताल, सैपाल हिमाल, खप्तड क्षेत्र, तातोपानी कुण्ड | हात्तिसार दरवार, जयपृथ्वीनगर क्षेत्र, तलकोट दरवार, सुर्मादेवी मन्दिर, बङ्गीज्यावनधाम, तपोवन, ऋषिकुण्ड, जल्पादेवी |
| ४ | अछाम | रामारोशन क्षेत्र | वैद्यनाथ धाम, मंगलसेन दरवार, विमकोट दरवार, पञ्चदेवल विनायक, बर्दादेवी मन्दिर, सिद्धेश्वरनाथ मन्दिर, जिमाद्रीधाम, त्रिपुरादेवी मन्दिर |
| ५ | बैतडी | झुलाघाट, खोड्पे | त्रिपुरासुन्दरी मन्दिर, निङ्लाशैनी भगवती मन्दिर, ग्वालेककेदार, त्रिपुरासुन्दरी, देहीमाण्डौं मन्दिर, पञ्चदेवल मन्दिर, पाताल भुमेश्वर मन्दिर, निङ्गलासैनी मन्दिर, जगन्नाथधाम मन्दिर, ईश्वरीगंगाधाम, रौलाकेदार, महारुद्र, मेलौली भगवती मन्दिर, डिलासैनी मन्दिर, शहिद दशरथचन्दको जन्मघर, |
| ६ | बाजुरा | खप्तड राष्ट्रिय निकुञ्ज, छेडेदह ताल, त्रिवेणी क्षेत्र | बडीमालिका मन्दिर, खप्तड दह, बुढीनन्दा मन्दिर |
| ७ | डोटी | खप्तड क्षेत्र, बतासे झरना, सिद्धगुफा, त्रिवेणीधाम | शैलेश्वरी मन्दिर, सहश्रलिङ्ग, बडिकेदारधाम, बिरवेताल मन्दिर, लानाकेदारेश्वर, |
| ८ | दार्चुला | अपिनाम्पा संरक्षण क्षेत्र, व्याँस हिमाल, अपि हिमाल, लिपुलेक/कालापानी | मालिकार्जुन मन्दिर, गोकुलेश्वर मन्दिर, लटीनाथ, हुनैनाथ |
| ९ | डडेल्धुरा | महाभारत लेक, आलिताल | परशुरामधाम, अमरगढी किल्ला, असिग्राम मन्दिर, अजयेमेरुकोट, उग्रतारा मन्दिर, भागेश्वरधाम, घण्टेश्वर, घटालबाबा मन्दिर, अजयेमेरुकोट, |

# प्रदेश प्रमुखको कार्यालयको परिचय

## पृष्ठभूमिः

२०७२ सालमा नेपालको संविधान जारी भएसँगै नेपाल एक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रुपमा स्थापित भयो । सोही संविधानको धारा ५६ मा राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र त्यी तहहरुले संविधान तथा कानुन बमोजिम राज्यशक्तिको प्रयोग गर्न पाउने व्यवस्था छ । धारा ५७ मा राज्यशक्तिको बाँडफाँटको व्यवस्था रही तीनै तहका एकल र साझा अधिकारका विषयको बारेमा उल्लेख गरिएको छ । नेपालको हालको संघीय संरचनामा एक संघ, सात प्रदेश र ७५३ वटा स्थानीय तह रहेका छन् ।

नेपालको संघीयता समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तमा आधारित रहेको सन्दर्भमा संविधानको धारा १६३ मा प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिको रूपमा राष्ट्रपतिबाट नियुक्ति हुने गरी प्रदेश प्रमुख रहने व्यवस्था रहेको छ । धारा १६६ मा प्रदेश प्रमुखको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । प्रदेश प्रमुखले यो संविधान र कानुन बमोजिम निजलाई प्राप्त अधिकारको प्रयोग र कर्तव्यको पालना गर्नुपर्ने व्यवस्था छ । धारा १६७ मा प्रदेश प्रमुखले राष्ट्रपति समक्ष पद तथा गोपनीयताको सपथ लिनुपर्ने संवैधानिक व्यवस्था रहेको छ । सोही अनुरुप नेपालको सातै प्रदेशमा एक-एक प्रदेश प्रमुख रहने व्यवस्था छ । प्रदेश स्थापना भएपश्चात शुरुमा सम्वत् २०७४ साल माघ ५ गते प्रदेश प्रमुखको नियुक्ति भएको थियो । प्रदेश प्रमुखको नियुक्ति संगै यस प्रदेशमा कैलाली जिल्लाको धनगढी उत्तरवेहडीस्थित साविक घरेलु तथा साना उद्योग कार्यालयको भवनमा प्रदेश प्रमुखको कार्यालय स्थापना भएको हो । धनगढी उपमहानगरपालिकामा रहेको साविक क्षेत्रिय वन निर्देशनालयको नाममा रहेको भवनलाई हाल माननीय प्रदेश प्रमुखज्यूको निवास प्रयोग गरिदै आएको छ । यस कार्यालयमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतले सचिवको भूमिकामा रही प्रशासनिक कामको नेतृत्व गर्ने गरी कूल १९ जना कर्मचारीहरुको दरबन्दी रहेको छ । प्रदेश प्रमुखको सेवा सुविधा सम्बन्धी ऐन, २०७४ बमोजिम प्रदेश प्रमुखको सेवा सुविधाको व्यवस्था गरिएको र सोही अनुरुप प्रदेश प्रमुखको काम कारवाहीमा सहयोग गर्नका लागि १२ जनाको दरवन्दी सहितको निजी सचिवालयको व्यवस्था रहेको छ ।

मुख्यमन्त्री एवम् मन्त्रीहरूलाई नियुक्ति एवम् शपथ गराउने, प्रदेश सभाको अधिवेशन आव्हान र अन्त्य गर्ने, प्रदेश सभाबाट प्रमाणीकरणको लागि पेश हुन आएका विधेयकहरु प्रमाणीकरण गर्ने लगायत नेपालको संविधान र अन्य प्रचलित कानुन बमोजिम प्रदेश प्रमुखबाट सम्पादन हुने कार्यहरुमा सहयोग र समन्वय गर्नु यस कार्यालयको मुख्य काम हो ।

## संगठनात्मक संरचना एवं दरवन्दी तेरिजः

नेपाल सरकारले सात वटै प्रदेश प्रमुखको कार्यालयहरुको लागि स्वीकृत गरेको संगठन संरचना एवं दरवन्दी तेरिज एकै प्रकारको रहेको छ । यो कार्यालयको संगठन संरचना एवं दरवन्दी तेरिज यसप्रकार रहेको छ ।

## संगठन संरचना

**प्रदेश प्रमुख**

**निजी सचिवालय**
निजी सचिव शा.अ.रा.प.तृतीय (प्र./सा.प्र.)-१

**सचिव रा.प.प्र. (प्र.)-१**
ना.सु. रा.प.अनं. प्र. (प्र./सा.प्र.)-१

**व्यवस्थापन शाखा**
उपसचिव, रा.प. द्वितीय (प्र./सा.प्र)-१
शा.अ., रा.प. तृतीय (प्र./सा.प्र)-१
कानून अधिकृत, रा.प. तृतीय (न्याय/कानून)-१
ले.अ., रा.प. तृतीय (प्र./लेखा)-१
कम्प्युटर अपरेटर, रा.प. अनं.प्र.(विविध)-१
ह.स.चा., श्रेणीविहीन-३
का.स., श्रेणीविहीन-३

**सूचना तथा समन्वय शाखा**
उपसचिव, रा.प. द्वितीय (प्र./सा.प्र)-१
शा.अ., रा.प. तृतीय (प्र./सा.प्र)-१
प्रोटोकल अधिकृत, रा.प. तृतीय (परराष्ट्र)-१
ले.अ., रा.प. तृतीय (प्र./लेखा)-१
कम्प्युटर अपरेटर, रा.प. तृतीय (विविध)-१
ना.सु. रा.प.अनं. प्र. (प्र./सा.प्र.)-१

## दरबन्दी तेरिज

| क्र. सं. | पदको नाम | सेवा/समूह | श्रेणी/तह | जम्मा दरवन्दी | पदपुर्ति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सचिव | नेपाल प्रशासन/सा.प्र. | रा.प.प्रथम | १ | १ | |
| २ | उपसचिव | नेपाल प्रशासन/सा.प्र. | रा.प. द्वितिय | २ | १ | |
| ३ | शाखा अधिकृत | नेपाल प्रशासन/सा.प्र. | रा.प. तृतिय | ३ | २ | |
| ४ | लेखा अधिकृत | नेपाल प्रशासन/लेखा | रा.प. तृतिय | १ | १ | |
| ५ | कानुन अधिकृत | नेपाल न्याय/कानुन | रा.प. तृतिय | १ | ० | |
| ६ | कम्प्युटर अधिकृत | नेपाल विविध | रा.प. तृतिय | १ | १ | |
| ७ | प्रोटोकल अधिकृत | नेपाल परराष्ट्र | रा.प. तृतिय | १ | ० | |
| ८ | नायव सुब्बा | नेपाल प्रशासन/सा.प्र. | रा.प. अनं. प्रथम | २ | २ | |
| ९ | कम्प्युटर अपरेटर | नेपाल विविध | रा.प. अनं. प्रथम | १ | १ | |
| १० | ह.स.चा. | | श्रेणीविहिन | ३ | २ | |
| ११ | का.स. | | श्रेणीविहिन | ३ | २ | |
| | **जम्मा** | | | **१९** | | |

**प्रदेश प्रमुखको कार्यालय स्थापना भएपश्चात हालसम्मका सचिवज्यूहरुको विवरणः**

| क्र.सं. | नामथर | पद | कार्यकाल |
|---|---|---|---|
| १ | युवराज सुवेदी | सचिव | २०७४/१०/५-२०७५/६/१७ |
| २ | पद्मनिधी सोती | निमित्त सचिव | २०७५/६/१८-२०७६/२/४ |
| ३ | पुष्कर खड्का | निमित्त सचिव | २०७६/२/५-२०७८/१/११ |
| ४ | ओमबहादुर खड्का | सचिव | २०७८/१/१२-२०७९/६/३१ |
| ५ | शैलेसराज ढुंगाना | निमित्त सचिव | २०७९/७/१-२०८०/६/२० |
| ६ | पुष्कर खड्का | निमित्त सचिव | २०८०/६/२१-२०८०/८/३० |
| ७ | शैलेसराज ढुंगाना | निमित्त सचिव | २०८०/९/१-२०८१/६/६ |
| ८ | नवराज ढुंगाना | सचिव | २०८१/६/७- हालसम्म |

## शाखागत कार्यविवरणः

### व्यवस्थापन शाखासँग सम्बन्धित कार्यहरुः

१. माननीय प्रदेश प्रमुखको कार्यसम्पादनका लागि आवश्यक प्रशासनिक सहयोग उपलब्ध गराउने,

२. कर्मचारी प्रशासन कार्यालय तथा निवासको सुरक्षा व्यवस्था तथा कार्यालय व्यवस्थापन सम्बन्धी कार्य, बजेट, कार्यक्रम तयारी तथा आर्थिक प्रशासन र जिन्सी व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

३. कानूनी राय तथा परामर्श सम्बन्धी कार्य गर्ने,

४. कार्यालयसँग सम्बद्ध विषयमा अदालतमा पर्ने निवेदनहरुमा लिखित जवाफ तथा प्रतिरक्षा सम्बन्धी कार्य गर्ने,

५. विभिन्न पदाधिकारीहरुको नियुक्ति, सपथ ग्रहण र प्रदेश प्रमुख समक्ष पेश हुने प्रतिवेदन ग्रहण आदि कार्यक्रमहरुको व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

६. प्रदेश मन्त्रिपरिषद्, प्रदेश सभा आदि निकायबाट प्राप्त निर्णय, प्रतिवेदन तथा अन्य विवरण प्राप्त गर्ने, अभिलेखिकरण गर्ने तथा आवश्यक कार्यबाहीको प्रक्रिया बढाउने कार्य गर्ने,

७. कार्यालय भित्र र बाहिर हुने विभिन्न औपचारिक तथा अनौपचारिक समारोहको समग्र व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

८. विधेयक तथा अध्यादेश प्रमाणीकरणसम्बन्धी कार्य, सोको अभिलेखिकरण तथा तत् पश्चातको आवश्यक कार्यबाही सम्बन्धी कार्य गर्ने,

९. माननीय प्रदेश प्रमुखबाट हुने विभिन्न भेटघाट सम्बन्धी व्यवस्था र सोको अभिलेखिकरण गर्ने कार्यमा सूचना तथा समन्वय शाखालाई सहयोग र सहजीकरण गर्ने,

१०. माननीय प्रदेश प्रमुखको कार्यक्रम र भ्रमणसम्बन्धी अभिलेख व्यवस्थापनमा सूचना तथा समन्वय

शाखालाई सहयोग र सहजीकरण गर्ने,

११. तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने,

## सूचना तथा समन्वय शाखासँग सम्बन्धित कार्यहरुः

- माननीय प्रदेश प्रमुखज्यूको कूटनीतिज्ञ एवं अन्य व्यक्तित्वहरूको भेटघाटसम्बन्धी कार्यमा समन्वय र सहजीकरण, भेटघाट व्यवस्थापन र सोको अभिलेखीकरण गर्ने,
- माननीय प्रदेश प्रमुखको तर्फबाट हुने विभिन्न पत्राचारसम्बन्धी कार्यमा सहयोग गर्ने,
- माननीय प्रदेश प्रमुखले दिनुहुने विभिन्न शुभकामना, मन्तव्य, वक्तवव्य, सन्देश इत्यादिको मस्यौदा तयार गर्ने,
- प्रदेश प्रमुखलाई आवश्यक पर्ने सूचनाको सङ्कलन र सम्प्रेषण सम्बन्धी कार्य गर्ने,
- कार्यालयको वेवसाइट अद्यावधिक गर्ने,
- माननीय प्रदेश प्रमुख संलग्न हुने औपचारिक, अनौपचारिक कार्यक्रम तथा भ्रमणहरुको समन्वय तथा व्यवस्थापन गर्ने र त्यस्ता कार्यक्रम र भ्रमणहरुको अभिलेखीकरण गरी व्यवस्थित गर्ने,
- विभिन्न प्रदेशहरु र अन्य सरोकारवाला कार्यालयबाट भए गरेका काम कारवाहीको सम्बन्धमा आवश्यक जानकारी, समन्वय तथा अनुभव आदान प्रदान सम्बन्धी कार्य गर्ने,
- माननीय प्रदेश प्रमुख, प्रदेश प्रमुखको कार्यालय, प्रदेश सरकार, प्रदेश सभा लगायत प्रदेशस्तरको सार्वजनिक सरोकार सम्बन्ध महत्वपुर्ण र उपयुक्त देखिएका प्रकाशित सूचना र समाचारको संकलन तथा अभिलेखिकरण गर्ने । प्रदेश प्रमुखको कार्यालयसँग सम्बन्धित महत्वपूर्ण गतिविधिहरुलाई वेवसाइट तथा संचार माध्यमबाट सार्वजनिक गर्ने,
- माननीय प्रदेश प्रमुखलाई सम्बोधन गरी प्राप्त निवेदन तथा ज्ञापनपत्रहरुको अध्ययन, विश्लेषण गरी प्रतिक्रिया जवाफ दिने, आवश्यक कार्यबाहीको निम्ति सम्बन्धित निकायमा पठाउने र त्यसको अभिलेख राख्ने कार्य गर्ने,
- प्रादेशिक तथा अन्य सरकारी निकायहरु, सुरक्षा निकायसँग समन्वय सम्बन्धी कार्य गर्ने,
- सूचनाको हक सम्बन्धी ऐन २०६४ तथा नियमावली २०६५ बमोजिम सम्पादन गर्नुपर्ने कार्य गर्ने,
- सपथ ग्रहण एवं अन्य सार्वजनिक समारोहको व्यवस्थापन सम्बन्धी कार्यमा व्यवस्थापन शाखालाई सहयोग सहजीकरण सम्बन्धी कार्य गर्ने,
- सार्वजनिक सञ्चार माध्यम, मिडियासँग समन्वय तथा सञ्चार सम्बन्धी अन्य कार्य गर्ने,
- तोकिए बमोजिम अन्य कार्यहरु गर्ने,

## प्रदेश प्रमुखको निजी सचिवालयसँग सम्बन्धित कार्यहरुः

- माननीय प्रदेश प्रमुखको कार्यक्रम व्यवस्थापन गर्ने,

- माननीय प्रदेश प्रमुखलाई सम्बोधन गरी प्राप्त हुने निवेदन तथा पत्रहरू सङ्कलन गरी पेश गर्ने र सोको अभिलेखिकरण गर्ने,
- माननीय प्रदेश प्रमुखको कार्यालयमा हुने भेटघाट व्यवस्थापन गर्ने,
- माननीय प्रदेश प्रमुख र कार्यालयबिच सम्पर्क सुत्रको कार्य गर्ने,
- माननीय प्रदेश प्रमुखबाट भएका आदेश/निर्देशनको कार्यान्वयनबारे अनुगमन र समन्वय गर्ने,
- प्रदेश प्रमुखको भ्रमण र कार्यक्रम सम्बन्धी अभिलेखीकरणको कार्य गर्ने

## हाल कार्यरत कर्मचारीको विवरण:

| क्र.सं. | नामथर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | नवराज ढुंगाना | सचिव | ९८५८४८८४४४ |
| २ | शेखर कुमार रोकाया | उपसचिव | ९८४९१०७८७९ |
| ३ | गंगाराम सापकोटा | शाखा अधिकृत | ९८४८५४२४५३ |
| ४ | शम्शेर बहादुर रावल | कम्प्युटर अधिकृत | ९८४८७२१७९६ |
| ५ | दीर्घराज भट्ट | शाखा अधिकृत | ९८४८४२१८७२ |
| ६ | कृष्ण राज जोशी | नायव सुब्बा | ९८४८४५७९७९ |
| ७ | त्रिलोक्य जोशी | नायव सुब्बा | ९८६५९२१४११ |
| ८ | खडक बहादुर शाही | लेखा अधिकृत | ९८४८६८२८०५ |
| ९ | टेक बहादुर किमाडी | कम्प्युटर अपरेटर | ९८४८६६००४८ |
| १० | भिखु चौधरी | का.स. | ९७६९०१६६७९ |
| ११ | प्रयागराज ओझा | ह.स.चा. | ९८४८४२५०६४ |
| १२ | शिवराज फुलारा | ह.स.चा. | ९८४८६०८७०३ |
| १३ | चन्द्रलाल चौधरी | का.स. | ९८६८८८७४५१ |

## प्रदेश प्रमुखज्यूको स्वकीय सचिवालयमा कार्यरत कर्मचारी विवरण:

| क्र.सं. | नामथर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | साविर अलि | प्रमुख स्वकीय सचिव | ९८४७११७६७१ |
| २ | सुरज खनाल | सह स्वकीय सचिव | ९८५७०५५५८३ |
| ३ | रामचन्द्र बेलवासे | उप स्वकीय सचिव | ९८४७०२७१६२ |
| ४ | नजुमा निशा | स्वकीय सचिव | ९८४७०२१९२८ |
| ५ | भानुभक्त आचार्य | फोटोग्राफर अधिकृत | ९८६८८७९४७४ |
| ६ | हेमन्त मल्ल | प्रशासन सहायक | ९८६४३१०५४० |

| क्र.सं. | नामथर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| ७ | दीर्क बहादुर शाही | लेखा सहायक | ९८६८४६९०९२ |
| ८ | साहिद हुसेन | कम्प्युटर सहायक | ९८६७१७४३०३ |
| ९ | नर बहादुर ओली | हलुका सवारी चालक | ९८४८६६००७६ |
| १० | बम बहादुर ओली | हलुका सवारी चालक | ९८६९९७५५३१ |
| ११ | जनक चौधरी | कार्यालय सहयोगी | ९८२४६०४८३५ |
| १२ | अनिस नेपाल | कार्यालय सहयोगी | ९८४७००२७१७ |

## प्रदेश प्रमुखज्यूको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीको विवरणः

| क्र.सं. | नामथर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | रञ्जन श्रेष्ठ | उपसेनानी | ९८४१९७६४३७ |
| २ | ईन्द्र बहादुर बोहरा | प्रहरी नायव निरिक्षक | ९८४८७६५२९५ |
| ३ | राम प्रसाद अवस्थी | प्रहरी नायव निरिक्षक | ९८४८६९९०९१ |

# प्रदेश प्रमुखको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित संवैधानिक तथा कानुनी व्यवस्था

**प्रदेश प्रमुखका कार्यहरुः**

- नेपाल सरकारको प्रतिनिधिको रुपमा कार्य गर्ने ।
- मुख्यमन्त्री, मन्त्री, सभामुख, उपसभामुख, संविधान तथा प्रदेश कानून बमोजिम गठित निकायका पदाधिकारीहरुको नियुक्ती एवं शपथ सम्बन्धी कार्य ।
- प्रदेशको मन्त्रिपरिषद्बाट सिफारिस र सम्मतिबाट भए गरेका कार्यलाई मुख्यमन्त्रीबाट पेश भएबमोजिम र प्रदेश सभाबाट प्रमाणित विधेयकहरुलाई प्रमाणीकरण गर्ने ।
- प्रदेश प्रमुखको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण ।
- संवैधानिक निकाय एवं प्रचलित कानूनले तोके बमोजिम गठित निकायको प्रतिवेदन बुझ्ने ।
- प्रदेश सभाको अधिवेशनको आह्वान र अन्त्य गर्ने ।
- प्रदेश सभामा नीति तथा कार्यक्रम प्रस्तुतीकरण गर्ने ।

## (क) संवैधानिक व्यवस्थाः

**धारा १६० मुख्य न्यायाधिवक्ताः**

(१) महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहनेछ ।

(२) महान्यायाधिवक्ताको नियुक्ति सम्बन्धित मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुनेछ । मुख्यमन्त्रीले चाहेको अवधिसम्म मुख्यन्यायाधिवक्ता आफ्नो पदमा बहाल रहनेछ ।

(४) देहायको अवस्थामा महान्यायाधिवक्ताको पद रिक्त हुनेछः

(क) निजले मुख्यमन्त्री मार्फत प्रदेश प्रमुख समक्ष लिखित राजीनमा दिएमा

(ख) निजलाई मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले पदमुक्त गरेमा

(ग) निजको मृत्यु भएमा

**धारा १६२. प्रदेशको कार्यकारिणी अधिकारः**

(१) प्रदेशको कार्यकारिणी अधिकार यो संविधान र प्रदेश कानुनबमोजिम प्रदेश मन्त्रिपरिषद्+मा निहित हुनेछ ।

तर संघीय शासन लागू भएको कारणबाट प्रदेश कार्यकारिणी कायम नरहेमा नेपाल सरकारको निर्देशन बमोजिम प्रदेश प्रमुखले प्रदेशको कार्यकारिणी अधिकार प्रयोग गर्नेछ ।

**धारा १६३. प्रदेश प्रमुख सम्बन्धी व्यवस्थाः**

(१) प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिको रूपमा प्रदेश प्रमुख रहनेछ ।

(२) राष्ट्रपतिले प्रत्येक प्रदेशका लागि एक प्रदेश प्रमुख नियुक्ति गर्नेछ ।

(३) राष्ट्रपतिले पदावधि समाप्त हुनुभन्दा अगावै निजलाई पदमुक्त गरेमा बाहेक प्रदेश प्रमुखको पदावधि पाँच वर्षको हुनेछ ।

(४) एउटै व्यक्ति एक पटकभन्दा बढी एकै प्रदेशमा प्रदेश प्रमुख हुन सक्ने छैन ।

**धारा १६४. प्रदेश प्रमुखको योग्यताः देहायको योग्यता भएको व्यक्ति प्रदेश प्रमुख हुनका लागि योग्य हुनेछः**

(क) संघीय संसदको सदस्य हुन योग्य भएको,

(ख) पैतीस वर्ष उमेर पूरा भएको,

(ग) कुनै कानुनले अयोग्य नभएको ।

**धारा १६५. प्रदेश प्रमुखको पद रिक्त हुने अवस्थाः (१) देहायको कुनै अवस्थामा प्रदेश प्रमुखको पद रिक्त हुनेछः**

(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा वा सो अगावै राष्ट्रपतिले निजलाई पदमुक्त गरेमा ।

(ग) निजको मृत्यु भएमा ।

(१) कुनै प्रदेशको प्रदेश प्रमुखको पद रिक्त भएको अवस्थामा प्रदेश प्रमुखको नियुक्ति नभएसम्मका लागि राष्ट्रपतिले अर्को कुनै प्रदेशको प्रमुखलाई त्यस्तो प्रदेशको समेत कामकाज गर्ने गरी तोक्न सक्नेछ ।

**धारा १६६. प्रदेश प्रमुखको काम, कर्तव्य र अधिकारः**

(१) प्रदेश प्रमुखले यो संविधान वा कानुन बमोजिम निजलाई प्राप्त अधिकारको प्रयोग र कर्तव्यको पालन गर्नेछ ।

(२) उपधारा (१) बमोजिम अधिकारको प्रयोग गर्दा वा कर्तव्यको पालन गर्दा यो संविधान वा कानून बमोजिम निकाय वा पदाकिारीको सिफारिसमा गरिने भनी किटानीसाथ व्यवस्था भएको कार्य बाहेक प्रदेश प्रमुखबाट सम्पादन गरिनु अन्य जुनसुकै कार्य प्रदेश मन्त्रिपरिषद्को सिफारिस र सम्मतिबाट हुनेछ । त्यस्तो सिफारिस र सम्मति मुख्यमन्त्री मार्फत पेश हुनेछ ।

(३) उपधारा (२) बमोजिम प्रदेश प्रमुखको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण प्रदेश कानुन बमोजिम हुनेछ ।

**धारा १६८. प्रदेश मन्त्रिपरिषदको गठनः**

(१) प्रदेश प्रमुखले प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा प्रदेश मन्त्रिपरिषद्को गठन हुनेछ ।

(२) उपधारा (१) बमोजिम प्रदेश सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्नेछ ।

(३) प्रदेश सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र उपधारा (२) बमोजिम मुख्यमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त मुख्यमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा प्रदेश प्रमुखले प्रदेश सभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्नेछ ।

(४) उपधारा (२) वा (३) बमोजिम नियुक्त मुख्यमन्त्रीले त्यसरी नियुक्त भएको तीस दिनभित्र प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्नु पर्नेछ ।

(५) उपधारा (३) बमोजिम नियुक्त मुख्यमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रदेश सभामा विश्वासको मत प्राप्त गर्न सक्ने अवस्था भएमा प्रदेश प्रमुखले त्यस्तो सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्नेछ ।

(६) उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्नु पर्नेछ ।

(७) उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा मुख्यमन्त्री नियुक्त हुन नसकेमा मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले प्रदेश सभालाई विघटन गरी छ महिनाभित्र अर्को प्रदेश सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचन मिति तोक्नेछ ।

(८) यस संविधान बमोजिम भएको प्रदेश सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको वा मुख्यमन्त्रीको पद रिक्त भएको मितिले पैतीस दिनभित्र यस धारा बमोजिम मुख्यमन्त्री नियुक्त सम्बन्धी प्रक्रिया सम्पन्न गर्नु पर्नेछ ।

(९) प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सभाका सदस्यमध्येबाट समावेश सिद्धान्त बमोजिम मुख्यमन्त्री सहित प्रदेश सभाका कुल सदस्य संख्याको बीस प्रतिशत भन्दा बढी प्रतिशत भन्दा नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन गर्नेछ ।

**स्पष्टीकरणः** यस भागको प्रयोजनका लागि "मन्त्री" भन्नाले मन्त्री, राज्य मन्त्री र सहायक मन्त्री सम्झनु पर्छ ।

(१०) मुख्यमन्त्री र मन्त्री सामूहिक रुपमा प्रदेश सभापति उत्तरदायी हुनेछन् र मन्त्रीहरू आफ्नो मनत्रालयको कामका लागि व्यक्तिगत रूपमा मुख्यमन्त्री र प्रदेश सभाप्रति उत्तरदायी हुने छन् ।

**धारा १६९. मुख्यमन्त्री तथा मन्त्रीको पद रिक्त हुने अवस्थाः** (१) देहायको कुनै अवस्थामा मुख्यमन्त्रीको पद रिक्त हुनेछः

(क) निजले प्रदेश प्रमुख समक्ष लिखित राजीनामा दिएमा

(ख) धारा १८८ बमोजिम विश्वासको प्रस्ताव पारित हुन नसकेमा वा निजको विरुद्ध अविश्वासको प्रस्ताव पारित भएमा,

(ग) निज प्रदेश सभाको सदस्य नरहेमा

(घ) निजको मृत्यु भएमा ।

**धारा १७०. प्रदेश सभाको सदस्य नभएको व्यक्ति मन्त्री हुन सक्नेः (१)** धारा १६८ को उपधारा (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सभाको सदस्य नभएको कुनै व्यक्तिलाई मन्त्री पदमा नियुक्त गर्न सक्नेछ ।

(२) उपधारा (१) बमोजिम नियुक्त मन्त्रीले शपथ ग्रहण गरेको मितिले ६ महिनाभित्र प्रदेश सभाको सदस्यता प्राप्त गर्नु पर्नेछ ।

(३) उपधारा (२) बमोमिजको अवधिभित्र प्रदेश सभाको सदस्यता प्राप्त गर्न नसकेमा तत्काल कायम रहेको प्रदेश सभाको कार्यकालमा निज मन्त्री पदमा पुनः नियुक्तिका लागि योग्य हुने छैन ।

(४) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल कायम रहेको प्रदेश सभाको निर्वाचनमा पराजित भएको व्यक्ति सो प्रदेश सभाको कार्यकालमा उपधारा (१) बमोजिम मन्त्री पदमा नियुक्तिका लागि योग्य हुने छैन ।

**धारा १७२. शपथः** मुख्यमन्त्री र मन्त्रीले प्रदेश प्रमुख समक्ष तथा राज्यमन्त्री र सहायक मन्त्रीले मुख्य मन्त्री समक्ष आफ्नो कार्यभार सम्हाल्नु अघि प्रदेश कानुन बमोजिम पद तथा गोपनियताको शपथ लिनु पर्नेछ ।

**धारा १७३. प्रदेश प्रमुखलाई जानकारी दिनेः** मुख्यमन्त्रीले देहायका विषयमा प्रदेश प्रमुखलाई जानकारी दिनेछः

(क) प्रदेश मन्त्रिपरिषदका निर्णय,

(ख) प्रदेश सभामा पेश गरिने विधेयक,

(ग) खण्ड (क) र (ख) मा उल्लेखित विषयमा प्रदेश प्रमुखले जानकारी मागेको अन्य आवश्यक विवरण, र

(घ) प्रदेशको समसामयिक परिस्थिति ।

**धारा १८३. प्रदेश सभाको अधिवेशनको आह्वान र अन्त्यः**

(१) प्रदेश प्रमुखले प्रदेश सभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले बीस दिनभित्र प्रदेश सभाको अधिवेन आह्वान गर्नेछ । त्यसपछि यस संविधान बमोजिम प्रदेश प्रमुखले समय समयमा अन्य अधिवेशन आह्वान गर्नेछ ।

तर एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भका बीचको अवधि छ महिना भन्दा बढी हुने छैन ।

(२) प्रदेश प्रमुखले प्रदेश सभाको अधिवेशन अन्त्य गर्न सक्नेछ ।

(३) प्रदेश प्रमुखले प्रदेश सभाको अधिवेशन चालू नरहेको वा वैठक स्थगित भएको अवस्थामा अधिवेशन वा वैठक बोलाउन वाञ्छनीय छ भनी प्रदेश सभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरूले लिखित अनुरोध गरेमा त्यस्तो अधिवेशन वा वैठक बस्ने मिति र समय

तोक्नेछ । त्यसरी तोकिएको मिति र समयमा प्रदेश सभाको अधिवेशन प्रारम्भ हुने वा बैठक बस्नेछ ।

**धारा १८४. प्रदेश प्रमुखबाट सम्वोधनः**

(१) प्रदेश प्रमुखले प्रदेश सभाको बैठकलाई संवोधन गर्न र त्यसका लागि सदस्यहरूको उपस्थितिको आह्वान गर्न सक्नेछ ।

(२) प्रदेश प्रमुखले प्रदेश सभाका लागि भएको निर्वाचन पछिको पहिलो अधिवेशन र प्रत्येक वर्षको पहिलो अधिवेशनको प्रारम्भ भएपछि प्रदेश सभाको बैठकलाई सम्वोधन गर्नेछ ।

**धारा १९५. प्रदेश सभाको सचिव र सचिवालयः**

(१) प्रदेश प्रमुखले प्रदेश सभामुखको सिफारिसमा प्रदेश सभाको सचिव नियुक्त गर्नेछ ।

(२) प्रदेश सभाको काम कारवाही सञ्चालन तथा व्यवस्थापन गर्नका लागि एक सचिवालय रहनेछ । त्यस्तो सचिवालयको स्थापना र तत्सम्बन्धी अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ ।

(३) प्रदेश सभाको सचिवको योग्यता, काम, कर्तव्य, अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानुन बमोजिम हुनेछ ।

**धारा १९९. विधेयक पारित गर्ने विधिः**

(१) प्रदेश सभाले पारित गरेको विधेयक प्रमाणीकरणका लागि प्रदेश प्रमुख समक्ष पेश गरिनेछ ।

(२) कुनै विधेयक विचाराधीन रहेको अवस्थामा प्रदेश सभाको अधिवेशनको अन्त्य भए पनि सो विधेयकमाथि अर्को अधिवेशनमा कारवाही हुन सक्नेछ ।

तर कुनै विधेयक प्रदेश सभामा विचाराधीन रहेको अवस्थामा प्रदेश सभा विघटन भएमा वा सो सभाको कार्यकाल समाप्त भएमा त्यस्तो विधेयक निष्क्रिय हुनेछ ।

**धारा २०१. विधेयकमा प्रमाणीकरणः**

(१) धारा १९९ बमोजिम प्रमाणीकरणका लागि प्रदेश प्रमुख समक्ष पेश गरिने विधेयक प्रदेश सभाको सभामुखले प्रमाणित गरी पेश गर्नु पर्नेछ । तर अर्थ विधेयकका हकमा अर्थ विधेयक हो भनी प्रदेश सभामुखले प्रमाणित गर्नु पर्नेछ ।

(२) यस धारा बमोजिम प्रमाणीकरणका लागि प्रदेश प्रमुख समक्ष पेश भएको विधेयक प्रदेश प्रमुखले पन्ध्र दिनभित्र प्रमाणीकरण गरी त्यसको सूचना यथासम्भव चाँडो प्रदेश सभालाई दिनेछ ।

(३) प्रमाणीकरणका लागि पेश भएको अर्थ विधेयक बाहेक अन्य विधेयकको सम्बन्धमा पुनर्विचार हुन आवश्यक छ भन्ने प्रदेश प्रमुखलाई लागेमा निजले विधेयक पेश भएको पन्ध्र दिनभित्र सन्देश सहित प्रदेश सभामा फिर्ता पठाउन सक्नेछ ।

(४) उपधारा (३) बमोजिम प्रदेश प्रमुखले कुनै विधेयक सन्देश सहित फिर्ता गरेमा त्यस विधेयकमाथि प्रदेश सभाले पुनर्विचार गरी त्यस्तो विधेयक प्रस्तुत रूपमा वा संशोधनसहित

पारित गरी पुनः पेश गरेमा त्यसरी पेश भएको पन्ध्र दिनभित्र प्रदेश प्रमुखले प्रमाणीकरण गर्नेछ ।

(५) प्रदेश प्रमुखबाट प्रमाणीकरण भएपछि विधेयक ऐन बन्नेछ ।

**धारा २०२. अध्यादेशः**

(१) प्रदेश सभाको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखले अध्यादेश जारी गर्न सक्नेछ।

(२) उपधारा (१) बमोजिम जारी भएको अध्यादेश ऐन सरह मान्य हुनेछ ।

तर त्यस्तो प्रत्येक अध्यादेशः

(क) जारी भएपछि बसेको प्रदेश सभाको वैठकमा पेश गरिनेछ र प्रदेश सभाले स्वीकार नगरेमा स्वतः निष्क्रिय हुनेछ ।

(ख) प्रदेश प्रमुखबाट जुनसुकै बखत खारेज हुन सक्नेछ ।

(ग) खण्ड (क) वा (ख) बमोजिम निष्क्रिय वा खारेज नभएमा प्रदेश सभाको बैठक बसेको साठी दिनपछि स्वतः निष्क्रिय हुनेछ ।

**धारा २८९. पदाधिकारीको नागरिकता सम्बन्धी विशेष व्यवस्थाः**

(१) राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रदेश सभाको सभामुख र सुरक्षा निकायका प्रमुखको पदमा निर्वाचित मनोनित वा नियुक्ति वा वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको हुनु पर्नेछ ।

**धारा २९४. संवैधानिक निकायको वार्षिक प्रतिवेदनः**

(१) यस संविधान बमोजिमका संवैधानिक निकायले आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेश गर्न लगाउनेछ ।

(२) उपधारा (१) बमोजिमको वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने कुराहरू संघीय कानुन बमोजिम हुनेछ ।

(३) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्नेछ ।

## (ख) अन्य प्रचलित संघीय तथा प्रदेश कानुनहरुमा भएको व्यवस्थाः

### लेखापरीक्षण ऐन, २०७५

**दफा १९. वार्षिक प्रतिवेदनः**

(४) महालेखापरीक्षकले प्रत्येक प्रदेशको कामकारवाहीको सम्बन्धमा अलग अलग बार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुख समक्ष पेश गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश गरेको प्रतिवेदन मुख्यमन्त्री मार्फत प्रदेश सभामा पेश हुनेछ ।

(६) चल वा अचल राष्ट्रिय सम्पतिको ठुलो हानी नोक्सानी भएको वा तत्काले कारवाही नगरे त्यस्तो हानी नोक्सानी हुन सक्ने देखिएमा महालेखापरीक्षकले जुनसुकै वखत त्यस्तो कारोबारको लेखापरीक्षण गरी राष्ट्रपति वा प्रदेश प्रमुख समक्ष प्रतिवेदन पेश गर्न सक्नेछ ।

### सुदूरपश्चिम प्रदेश सरकार कार्यसम्पादन नियमावली, २०७४

**दफा ३२. प्रदेश प्रमुखलाइ जानकारी गराउनुपर्नेः** प्रदेश मन्त्रिपरिषद्‌ले गरेका देहायका निर्णय प्रदेश प्रमुखलाई जानकारी गराउनुपर्नेछ ।

(क) संविधान र प्रचलित कानुन बमोजिम प्रदेश प्रमुखबाट कार्यसम्पादन हुने वा प्रदेश प्रमुखबाट निर्णय वा आदेश हुनुपर्ने विषयहरु,

(ख) प्रदेश सरकारको आय व्ययको वार्षिक विवरण (बजेट),

(ग) नयाँ प्रदेश ऐन बनाउने वा विद्यमान प्रदेश ऐन संशोधन गर्ने विषय

(घ) प्रदेश सरकारले प्रदेश सभामा पेश गरेको वार्षिक नीति तथा कार्यक्रम

### सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५

**दफा ३. ऐनको प्रमाणीकरण कार्यविधिः**

(१) प्रदेश सभाबाट विधेयक पारित भएपछि प्रदेश सभाको सचिवालयले त्यस्तो विधेयक नेपाली कागजमा पाँच प्रति तयार गरी सभामुखले विधेयक पारित भएको मिति समेत राखी हस्ताक्षर गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएका विधेयकका पाँच प्रतिहरु प्रदेश सभा सचिवालयले प्रमाणीकरणका लागि प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम पेश भएका विधेयकका प्रतिहरुमा प्रदेश प्रमुखले मिति उल्लेख गरी हस्ताक्षर गरेपछि त्यस्तो विधेयक प्रमाणीकरण हुनेछ र ऐन बन्नेछ ।

(४) उपदफा (३) बमोजिमका प्रामाणिक प्रतिहरुमध्ये एक प्रति प्रदेश प्रमुखको कार्यालयमा राखी अन्य एक एक प्रति प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, आन्तरिक मामिला

तथा कानुन मन्त्रालय, प्रदेश सभाको सचिवालय र नेपाल सरकारको कानुन, न्याय तथा संसदीय मन्त्रालयमा पठाउनुपर्नेछ र त्यसरी प्राप्त प्रामाणिक प्रति सुरक्षितसाथ राख्नुपर्नेछ ।

**दफा ५. अध्यादेशको प्रमाणीकरण कार्यविधिः**

(१) संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्‌बाट अध्यादेश जारी गर्न सिफारिस गर्ने निर्णय भएपछि आन्तरिक मामिला तथा कानुन मन्त्रालयले त्यस्तो अध्यादेशको मस्यौदाको चार प्रति नेपाली कागजमा तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार भएको अध्यादेशको मस्यौदामा देहायका पदाधिकारीको हस्ताक्षर गर्नुपर्नेछः- प्रदेशको मुख्यमन्त्री, सम्बन्धित विभागीय मन्त्री, आन्तरिक मामिला तथा कानुन मन्त्री, प्रदेश सरकारको प्रमुख सचिव र आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सचिवले ।

(३) उपदफा (२) बमोजिम हस्ताक्षर भएको अध्यादेशको मस्यौदा आन्तरिक मामिला तथा कानुन मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमा पठाउनुपर्नेछ र मुख्यमन्त्री कार्यालयले त्यस्तो मस्यौदा प्रमाणीकरणका लागि प्रदेश प्रमुखसमक्ष पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त अध्यादेशको मस्यौदाको प्रतिहरुमा प्रदेश प्रमुखले मिति उल्लेख गरी हस्ताक्षर गरेपछि अध्यादेश प्रमाणीकरण हुनेछ ।

(५) उपदफा (४) बमोजिम प्रमाणीकरण भएपछि सो अध्यादेश ऐन सरह लागु हुनेछ ।

(६) उपदफा (४) बमोजिम अध्यादेश प्रमाणीकरण भएपछि त्यस्ता प्रामाणिक प्रतिहरुमध्ये एक प्रति प्रदेश प्रमुखको कार्यालयमा राखी अन्य एक एक प्रति प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, प्रदेश सभाको सचिवालय र नेपाल सरकारको कानुन, न्याय तथा संसदीय मन्त्रालयमा पठाउनुपर्नेछ र त्यसरी प्राप्त प्रामाणिक प्रति सुरक्षितसाथ राख्नुपर्नेछ ।

**दफा ६. प्रदेश प्रमुखबाट जारी हुने आदेश,अधिकारपत्र, सूचनाको प्रमाणीकरण :**

(१) संविधान तथा अन्य संघीय वा प्रदेश कानुन बमोजिम प्रदेश प्रमुखबाट जारी हुने आदेश, अधिकारपत्र, सूचना वा अन्य लिखत प्रमाणीकरण प्रदेश प्रमुखको हस्ताक्षरबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रमाणीकरण भएपछि प्रदेश प्रमुखको कार्यालयले १ प्रति आफ्नो कार्यालयमा राखी त्यस्तो लिखित प्रमाणीकरणको जानकारी तथा कार्यान्वयनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमा र प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने विषय प्रकाशनको लागि कानुन मन्त्रालयमा पठाउनुपर्नेछ ।

**दफा ८. संविधान तथा अन्य प्रचलित कानुन बमोजिम हुने नियुक्तिको प्रमाणीकरणः**

(१) संविधान तथा अन्य संघीय वा प्रदेश कानुन बमोजिम प्रदेश प्रमुखबाट नियुक्ति हुने पदको नियुक्तिपत्र प्रदेश प्रमुखको हस्ताक्षरबाट प्रमाणीकरण हुनेछ ।

(२) उपदफा (१) बमोजिमको नियुक्तिपत्रको प्रामाणिक प्रति प्रदेश प्रमुखको कार्यालयले सुरक्षित

राखी त्यस्तो प्रमाणीकरणको जानकारी तथा कार्यान्वयनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा र राजपत्रमा प्रकाशन गर्नुपर्ने विषय प्रकाशनको लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा लेखी पठाउनुपर्नेछ ।

## मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५

**दफा ११. वार्षिक प्रतिवेदनः** (१) मुख्य न्यायाधिवक्ताले प्रत्येक आर्थिक बर्षमा आफ्नो कार्यालयले गरेका काम कारबाहीको सम्बन्धमा तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी त्यस्तो आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ र प्रदेश प्रमुखले मुख्यमन्त्री मार्फत त्यस्तो प्रतिवेदन प्रदेश सभामा पेश गर्न लगाउनेछ ।

**दफा १४. शपथग्रहणः** मुख्य न्यायाधिवक्ताले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि प्रदेश प्रमुखको उपस्थितिमा उच्च अदालतको मुख्य न्यायाधीश समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

## सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको सचिव र सचिवालय व्यवस्थापन सम्बन्धी ऐन, २०७५

**दफा ८. प्रदेश सभाको सचिवको नियुक्तिः** प्रदेश प्रमुखले प्रदेश सभामुखको सिफारिसमा प्रदेश सभाको सचिवको नियुक्ति गर्नेछ ।

**दफा ८. प्रदेश सभाको सचिवको पद रिक्त हुने अवस्थाः**

(क) राजीनामा दिएमा

(ख) पदावधि सकिएमा

(ग) कार्यक्षमताको अभाव, खराव आचरण वा आफ्नो पदीय कर्तव्यको पालना इमान्दारीपुर्वक नगरेको भनी सभामुखको सिफारिसमा प्रदेश प्रमुखबाट निजलाई पदबाट हटाएमा

(घ) .....

## सुदूरपश्चिम प्रदेश लोकसेवा आयोग ऐन, २०७६

**दफा ३. प्रदेश लोक सेवा आयोगः**

(१) सुदूरपश्चिम प्रदेशमा प्रदेश लोकसेवा आयोग रहनेछ, जसमा कम्तीमा १ जना महिला हुने गरी अध्यक्ष सहित बढीमा ३ जना सदस्य रहनेछन् ।

(२) आयोगको अध्यक्ष र सदस्यको नियुक्तिका लागि सिफारिस गर्न मुख्यमन्त्री अध्यक्ष तथा प्रदेश सभाको सभामुख र प्रदेश सभाको विपक्षी दलको नेता सदस्य रहेको सिफारिस समिति रहनेछ ।

(३) उपदफा (२) बमोजिमको समितिले समानुपातिक समावेशी सिद्धान्तका आधारमा अध्यक्ष र सदस्यको पदमा नियुक्तिका लागि सिफारिस गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिमको समितिको सिफारिसको आधारमा प्रदेश प्रमुखले अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ ।

**दफा ४. पद रिक्त हुने :** (१) दफा (३) को उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा आयोगको अध्यक्ष र सदस्यको पद रिक्त हुनेछ ।

(क) निजले प्रदेश प्रमुख समक्ष लिखित राजीनामा दिएमा

(ख) निजको उमेर ६५ वर्ष पुरा भएमा

(ग) उपदफा (५) बमोजिम पदमुक्त भएमा

(घ) शारिरिक र मानसिक अस्वस्थताका कारणले सेवामा रही कार्यसम्पादन गर्न असमर्थ रहेको भनी प्रदेश सरकारले गठन गरेको मेडिकल बोर्डले दिएको सिफारिसका आधारमा दफा ३ को उपदफा (२) बमोजिमको समितिको सिफारिसमा प्रदेश प्रमुखले पदमुक्त गरेमा,

(ङ) निजको मृत्यु भएमा ।

**दफा ६६. वार्षिक प्रतिवेदन :**

(१) आयोगले दफा ७ को उपदफा (६) बमोजिमको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्नेछ र सो प्रतिवेदनमा देहायका विषयहरु उल्लेख गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदन प्रदेश प्रमुखले मुख्यमन्त्री मार्फत प्रदेश सभामा पेश गर्न लगाउनेछ ।

**दफा ७९ क. शपथ ग्रहण:** आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्षले प्रदेश प्रमुख समक्ष र सदस्यले अध्यक्ष समक्ष अनुसूची-२ बमोजिमको पद तथा गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ ।

**(ग) प्रदेश प्रमुखको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ का व्यवस्थाहरु:**

- **दफा २ (पारिश्रमिक):-** प्रदेश प्रमुखलाई अनुसूची-१ बमोजिमको मासिक पारिश्रमिक र अन्य सुविधा प्रदान गरिने । प्रदेश प्रमुख कुनै कारणले सो पदबाट निवृत्त भएमा वा सो पदमा नरहेमा निजलाई एक महिनाको पारिश्रमिक बराबरको रकम थप सुविधाको रूपमा दिइने ।

- **दफा ३ (आवास सुविधा):-** प्रदेश प्रमुखको आवासको लागि नेपाल सरकारले सम्बन्धित प्रदेशको राजधानीमा सरकारी घरको बन्दोवस्त गर्ने । सो बमोजिम व्यवस्था नभएसम्मको लागि प्रदेश प्रमुखलाई घर भाडा वापत प्रति महिना नेपाल सरकारले तोके बमोजिमको रकम उपलब्ध गराइने । सरकारी आवासको मर्मत तथा सम्भार तथा उपयुक्त फर्निचरको व्यवस्था नेपाल सरकारले गर्ने ।

- **दफा ४ (सवारी तथा इन्धन सुविधा):-** नेपाल सरकारले प्रदेश प्रमुखलाई सवारी साधनको

साथै आवश्यक पर्ने इन्धन मोबिल तथा मर्मत सम्भारको व्यवस्था नेपाल सरकारले गर्ने व्यवस्था रहेको ।

- **दफा ५ (सञ्चार सुविधा):-** प्रदेश प्रमुखको आवासको लागि टेलिफोन, कम्प्यूटर, इन्टरनेट, फ्याक्स, पत्रपत्रिका जस्ता सञ्चार सुविधा नेपाल सरकारले व्यवस्था गर्ने ।

- **दफा ६ (पोशाक सुविधा):-** प्रदेश प्रमुखलाई प्रत्येक वर्ष अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम पोशाक भत्ता वापत दिइने ।

- **दफा ७ (अतिथि सत्कार तथा भैपरी खर्च):-** प्रदेश प्रमुखलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम अतिथि सत्कार तथा भैपरी खर्च वापत दिइने र सोको बिल भर्पाई पेश गर्नु नपर्ने व्यवस्था रहेको ।

- **दफा ८ (निजी चिकित्सक सम्बन्धी सुविधा):-** प्रदेश प्रमुखको लागि नेपाल सरकारले एक जना निजी चिकित्सकको व्यवस्था गर्ने ।

- **दफा ९ (उपचार खर्च):-** प्रदेश प्रमुख स्वदेशमा अस्पताल भर्ना भई उपचार गराउँदा वा नेपालमा उपचार हुन नसक्ने भई मेडिकल बोर्डको सिफारिसमा विदेशमा गई उपचार गराउँदा लागेको उपचार खर्च नेपाल सरकारले व्यहोर्ने । सो बमोजिमको उपचार खर्च वापतको रकम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश प्रमुख भर्ना भएको अस्पताललाई भुक्तानी गर्ने ।

- **दफा १० (चाडपर्व खर्च):-** प्रदेश प्रमुखले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाइने चाडपर्वको लागि आफूले खाइपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउने । उक्त रकम प्रदेश प्रमुखले एक आर्थिक वर्षमा एक पटक आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाइने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्ने ।

- **दफा ११ (दैनिक भत्ता तथा भ्रमण खर्च):-** प्रदेश प्रमुखले आफ्नो ओहदा सम्बन्धी कामको सिलसिलामा स्वदेश तथा विदेशको भ्रमण गर्दा अनुसूची-२ मा उल्लेख भए बमोजिमको दैनिक भत्ता पाउने ।

- **दफा १२ (बिमा सुविधा):-** प्रदेश प्रमुखलाई सरकारी कामको सिलसिलामा स्वदेश तथा विदेशको भ्रमण गर्दा अनुसूची-२ मा उल्लेख भए बमोजिमको बिमा सुविधा प्राप्त हुने ।

- **दफा १३ (विज्ञ सम्बन्धी व्यवस्था):-** प्रदेश प्रमुखले आफ्ने पदीय काममा सहयोग पुर्याउन विज्ञ नियुक्त गर्न सक्ने । त्यसरी नियुक्त हुने विज्ञको सङ्ख्या र त्यस्तो विज्ञले पाउने मासिक पारिश्रमिक तथा सुविधा नेपाल सरकारले तोके बमोजिम हुने ।

- **दफा १४ (निजी सचिवालय सम्बन्धी व्यवस्था):-** प्रदेश प्रमुखको निजी सचिवालयको लागि

अनुसुची-३ बमोजिमका कर्मचारीहरू रहने । निजी सचिवालयमा काम गर्ने कर्मचारीले नेपाल सरकारको तोके बमोजिमको पारिश्रमिक तथा सुविधा पाउने ।

- **दफा १५ (शपथ):-** प्रदेश प्रमुखले आफ्नो कार्यभार सम्हाल्नुअघि राष्ट्रपति समक्ष अनुसुची-४ बमोजिमको ढाँचामा पद तथा गोपनियताको शपथ लिनुपर्ने ।
- **दफा १६ (मुद्दा नचलाइने):-** प्रदेश प्रमुखले आफ्नो पदीय हैसियतले सम्पादन गरेका काम कारवाहीको विषयमा निज पदमा रहँदा वा सेवा निवृत्त भएपछि निज उपर कुनै अदालतमा मुद्दा नचलाइने ।
- **दफा १८ (अनुसुचीमा संशोधन):-** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक संशोधन गर्न सक्ने ।

**अनुसुची-१**

(दफा २ को उपदफा (१), दफा ६ र ७ सँग सम्बन्धित)

## प्रदेश प्रमुखको पारिश्रमिक तथा अन्य सुविधा

| | | | |
|---|---|---|---|
| १. | पारिश्रमिक प्रति महिना | रु. | ७६,२४०/- |
| २. | पोशाक सुविधा प्रति वर्ष | रु. | १८,०००/- |
| ३. | अतिथि सत्कार तथा भैपरी खर्च प्रति महिना | रु. | ४०,०००/- |

## अनुसुची-२

(दफा ११ र १२ सँग सम्बन्धित)

## प्रदेश प्रमुखले पाउने दैनिक भत्ता तथा बिमाको सुविधा

| क्र.सं. | विवरण | प्रतिदिन पाउने रकम |
|---|---|---|
| १ | स्वदेशमा भ्रमण गर्दा पाउने दैनिक भत्ता दर | रु. ३,०००।- |
| २ | विदेशमा भ्रमण गर्दा पाउने दैनिक भत्ता दर | २५०। - अमेरिकी डलर |
| ३ | वीमा | रु. १५,००,०००।- |

*द्रष्टव्यः*

१. युरोपियन मुलुकहरू अष्ट्रेलिया, न्युजिल्याण्ड, अमेरिका, क्यानडा, कुवेत, कोरिया, जापान, हङकङ, रुस, कतार, जाम्बिया, यू.ए.ई., सिंगापुर, लेवनान, बहराइनको भ्रमण गर्दा माथि उल्लेखित दरमा तेत्तीस प्रतिशत थप रकम दिइने छ।

२. भारतको चेन्नाई, हैदरावाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकत्ता, बंगलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनुपर्दा माथि उल्लेखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ।

## अनुसुची-३

(दफा १४ को उपदफा (१) सँग) सम्बन्धित)

# प्रदेश प्रमुखको निजी सचिवालयमा रहने कर्मचारी

| | | |
|---|---|---|
| (क) | प्रमुख स्वकीय सचिव | - १ |
| (ख) | सह-स्वकीय सचिव | - १ |
| (ग) | उप-स्वकीय सचिव | - १ |
| (घ) | स्वकीय अधिकृत | - १ |
| (ङ) | फोटोग्राफर अधिकृत | - १ |
| (च) | कम्प्युटर सहायक | - १ |
| (छ) | प्रशासन सहायक | - १ |
| (ज) | लेखा सहायक | - १ |
| (झ) | सवारी चालक | - २ |
| (ञ) | कार्यालय सहयोगी | - २ |

# प्रदेश प्रमुखज्यूको पदभार ग्रहणपश्चात हालसम्म सम्पादित विभिन्न गतिविधिहरु

१. २०८०/१२/१५ गतेका दिन माननीय प्रदेश प्रमुख श्री नजिर मियाँज्यूले माननीय मुख्यमन्त्रीज्यूको सिफारिसमा नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम सुदूरपशचिम प्रदेश सरकारको मौजुदा मन्त्रिपरिषद्मा कार्य विभाजन तथा जिम्मेवारी हेरफेर गर्नु भएको ।

२. २०८१/१/४ गतेका दिन माननीय प्रदेश प्रमुख नजिर मियाँज्यूबाट मिति २०८० । १२ । २३ गते नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाको सदस्यलाई सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री नियुक्त गर्नका लागि मिति २०८१ । ०१ । ०२ गते बेलुका ५:०० बजे भित्र दाबी पेश गर्न आह्वान गर्नु भएकोमा नागरिक उन्मुक्ति पार्टीका दुई जना माननीय प्रदेश सभा सदस्य बाट दाबी पेश हुन आएको सन्दर्भमा दुबै दावीको आधारमा निस्कर्षमा पुग्न नसकिएको हुदाँ माननीय प्रदेश प्रमुख नजिर मियाँज्यूले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढि दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभा सदस्यलाई सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री नियुक्त गर्नका लागि स्पष्ट दावी सहित मिति २०८१ । ०१ । ०६ गते बेलुका ५:०० बजे भित्र दावी पेश गर्न आह्वान गर्नु भएको ।

३. २०८१/१/६ गतेका दिन माननीय प्रदेश प्रमुख नजिर मियाँज्यूले नेपालको संविधानको धारा १६८ को उपधारा (२) वमोजिम माननीय श्री दीर्घ बहादुर सोडारीज्यूलाई सुदूरपशचिम प्रदेशको मुख्यमन्त्री पदमा नियुक्त गर्नु भएको ।

४. २०८१/१/६ गते माननीय प्रदेश प्रमुख श्री नजिर मियाँज्यूले माननीय मुख्यमन्त्रीज्यूको सिफारिसमा नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम सुदूरपशचिम प्रदेशको मन्त्रिपरिषद्को गठन तथा कार्यविभाजन गर्नुभई माननीय मुख्यमन्त्री तथा माननीय मन्त्रीज्यूहरुलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको ।

५. २०८१/१/१८ गते माननीय प्रदेश प्रमुख श्री नजिर मियाँज्यूले माननीय मुख्यमन्त्री दीर्घ बहादुर सोडारीज्यूको सिफारिसमा नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम सुदूरपशचिम प्रदेशको मन्त्रिपरिषद् गठन तथा कार्यविभाजन गर्नुभई नवनियुक्त मन्त्रीलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको ।

६. २०८१/१/२३ गते माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू समक्ष सम्वत् २०८१ साल बैशाख १५ गते शनिबारका दिन सम्पन्न भएको बझाङ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. १ मा भएको उपनिर्वाचनको निर्वाचन परिणाम सहितको प्रतिवेदन प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६२ बमोजिम निर्वाचन आयोगबाट पेश भएको ।

७. २०८१/२/१ गते माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू समक्ष मधेशी आयोगका माननीय सदस्य श्री आभा कुमारीज्यूले नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम मधेशी आयोगको पाचौं वार्षिक प्रतिवेदन (आ.ब. २०७९/०८०) पेश गर्नुभएको ।

८. २०८१/२/४ गते सुदूरपश्चिम प्रदेशका माननीय प्रदेश प्रमुख नजिर मियाँज्यूले नेपालको संविधानको धारा १६० को उपधारा (२) वमोजिम सुदूरपश्चिम प्रदेश सरकारका माननीय मुख्यमन्त्री दीर्घ बहादुर सोडारीज्यूको सिफारिसमा गन्यापधुरा गाउँपालिका-३, डडेल्धुराका श्री चन्द्र बहादुर शाहीलाई सुदूरपश्चिम प्रदेश सरकारको मुख्य न्यायाधिवक्तामा नियुक्त गर्नुभएको ।

९. २०८१/२/८ गते माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू समक्ष मुस्लिम आयोगका माननीय अध्यक्ष श्री समिम मियाँ अन्सारीज्यूले नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम मुस्लिम आयोगको आ.ब. २०७९/०८० को वार्षिक प्रतिवेदन पेश गर्नुभएको ।

१०. २०८१/२/११ गते माननीय प्रदेश प्रमुख नजिर मियाँज्यूले नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) को सिफारिसमा प्रदेश सभाको चौथो अधिवेशन सम्वत् २०८१ साल जेठ १३ गते आइतवार दिउँसो ३:०० बजे प्रदेश सभा भवन, धनगढी, कैलालीमा शुरु हुने गरी आव्हान गर्नु भएको ।

११. २०८१/२/१७ गते माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू समक्ष महालेखापरीक्षकको कार्यालयको तर्फबाट नायब महालेखा परीक्षक पशुपति कुमार काफ्लेज्यूले नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम आर्थिक बर्ष २०७९/०८० को सुदूरपश्चिम प्रदेशको महालेखापरीक्षकको छैटौं बार्षिक प्रतिवेदन पेश गर्नु भएको ।

१२. २०८१/२/२८ गते माननीय प्रदेश प्रमुख श्री नजिर मियाँज्यूले माननीय मुख्यमन्त्री दीर्घ बहादुर सोडारीज्यूको सिफारिसमा नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम सुदूरपशचिम प्रदेश सरकारको मन्त्रिपरिषद् गठन तथा कार्यविभाजन गर्नुभई नवनियुक्त मन्त्रीलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको ।

१३. २०८१/३/१६ गते माननीय प्रदेश प्रमुख श्री नजिर मियाँज्यूले माननीय मुख्यमन्त्री दीर्घ बहादुर सोडारीज्यूको सिफारिसमा नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम सुदूरपशचिम प्रदेश सरकारको मौजुदा मन्त्रिपरिषद्मा कार्यविभाजन र जिम्मेवारी हेरफेर गर्नु भएको ।

१४. २०८१/४/३ गते माननीय प्रदेश प्रमुख नजिर मियाँज्यूले नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम सुदूरपश्चिम प्रदेश सभाको चौथो अधिवेशन सम्वत् २०८१ साल साउन ३ गते विहिबार राती १२:०० बजे देखि लागू हुने गरी अन्त्य गर्नु भएको ।

१५. २०८१/४/४ गते माननीय प्रदेश प्रमुख नजिर मियाँज्यूले नेपालको संविधानको धारा १८३ को उपधारा (३) बमोजिम सुदूरपश्चिम प्रदेश सभाको बैठक सम्वत् २०८१ साल साउन ८ गते दिउसो २:०० बजे प्रदेश सभा भवन धनगढी कैलालीमा सुरु हुने गरी आव्हान गर्नु भएको ।

१६. २०८१/४/१० गते माननीय प्रदेश प्रमुख श्री नजिर मियाँज्यूले माननीय मुख्यमन्त्री दीर्घ बहादुर सोडारीज्यूको सिफारिसमा नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम सुदूरपशचिम प्रदेश सरकारको मौजुदा मन्त्रिपरिषद्मा कार्यविभाजन र जिम्मेवारी हेरफेर गर्नु भएको ।

१७. माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू समक्ष माननीय मुख्यमन्त्री श्री दीर्घ बहादुर सोडारीज्यूले मिति २०८१ । ०४ । १८ गते नेपालको संविधानको धारा १६९ को उपधारा (१) को खण्ड (क) बमोजिम सुदूरपश्चिम प्रदेश सरकारको मुख्यमन्त्री पदबाट राजिनामा दिनुभएकोले माननीय प्रदेश प्रमुखज्यूले अर्को प्रदेश मन्त्रिपरिषद् गठन नभएसम्म नेपालको संविधानको धारा १६९ को उपधारा (३) बमोजिम यही मन्त्रिपरिषद्ले कार्य सञ्चालन गर्ने गरी जिम्मेवारी सोही दिन तोक्नु भएको ।

१८. माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू समक्ष माननीय मुख्यमन्त्री श्री दीर्घ बहादुर सोडारीज्यूले नेपालको संविधानको धारा १६९ को उपधारा (१) को खण्ड (क) बमोजिम सुदूरपश्चिम प्रदेश सरकारको मुख्यमन्त्री पदबाट राजिनामा दिनुभएकोले माननीय प्रदेश प्रमुखज्यूले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाको सदस्यलाई सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री पदमा नियुक्त गर्नका लागि मिति २०८१ । ०४ । २० गते आइतवार बेलुका ५:०० बजे भित्र दावी पेश गर्न मिति २०८१/४/१८ गतेका दिन आव्हान गर्नु भएको ।

१९. माननीय प्रदेश प्रमुख नजिर मियाँज्यूले मिति २०८१ । ०४ । २० गते नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेश सभा सदस्य माननीय श्री कमल बहादुर शाहज्यूलाई सुदूरपशचिम प्रदेशको मुख्यमन्त्री पदमा नियुक्त गर्नु भएको ।

२०. २०८१/४/२१ गते माननीय प्रदेश प्रमुख श्री नजिर मियाँज्यूले माननीय मुख्यमन्त्री कमल बहादुर शाहज्यूको सिफारिसमा नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम सुदूरपशचिम प्रदेशको मन्त्रिपरिषद्को गठन तथा कार्यविभाजन गर्नुभई माननीय मुख्यमन्त्री तथा माननीय मन्त्रीज्यूहरुलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको ।

२१. २०८१/४/२३ गते माननीय प्रदेश प्रमुख नजिर मियाँज्यूले नेपालको संविधानको धारा १८३ को उपधारा (३) बमोजिम मिति २०८१ । ०४ । ०८ गते आव्हान गर्नु भएको सुदूरपश्चिम प्रदेश सभाको चालु अधिवेशन सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) को सिफारिसमा मिति २०८१ साल साउन २३ गते बुधवार राती १२:०० बजे देखि लागु हुने गरी अन्त्य गर्नु भएको ।

२२. २०८१/४/२४ गते माननीय प्रदेश प्रमुख नजिर मियाँज्यूले नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम सुदूरपश्चिम प्रदेश सरकार, मन्त्रिपरिषद्को सिफारिसमा "सुदूरपश्चिम प्रदेश सामयिक राजस्व संकलन सम्बन्धी व्यवस्था गर्न बनेको अध्यादेश, २०८१" जारी गर्नु भएको ।

२३. २०८१/४/२५ गते माननीय प्रदेश प्रमुख नजिर मियाँज्यूले सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम प्रदेश सभाको पाँचौ अधिवेशन सम्वत् २०८१ साल साउन २७ गते आइतवार दिउँसो २:०० बजे प्रदेश सभा भवन, धनगढी, कैलालीमा शुरु हुने गरी आव्हान गर्नु भएको ।

२४. २०८१/४/२७ गते माननीय प्रदेश प्रमुख नजिर मियाँज्यूले नेपालको संविधानको धारा १६० को उपधारा (२) वमोजिम धनगढी उप-महानगरपालिका-२, कैलालीका श्री ठेकन्द्र राज जोशीज्यूलाई सुदूरपश्चिम प्रदेश सरकारको मुख्य न्यायाधिवक्तामा नियुक्त गर्नुभएको ।

२५. नेपालको संविधानको धारा २०१ उपधारा (१) वमोजिम माननीय प्रदेश प्रमुखज्यू समक्ष पेश भएको "प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०८०" र सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक,

२०८०“ माननीय प्रदेश प्रमुखज्यूबाट संविधानको धारा २०१ को उपधारा (२) बमोजिम मिति २०८१ । ०५ । ०९ गते प्रमाणीकरण भएको ।

२६. नेपालको संविधानको धारा २०१ को उपधारा (१) वमोजिम माननीय प्रदेश प्रमुखज्यू समक्ष पेश भएको “सुदूरपश्चिम प्रदेश सामयिक राजस्व संकलन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०८१“ माननीय प्रदेश प्रमुखज्यूबाट संविधानको धारा २०१ को उपधारा (२) बमोजिम मिति २०८१ । ०६ । ०२ गते प्रमाणीकरण भएको ।

२७. नेपालको संविधानको धारा २०१ उपधारा (१) वमोजिम माननीय प्रदेश प्रमुख श्री नजिर मियाँज्यू समक्ष पेश भएको “सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८१“ र “आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१“ माननीय प्रदेश प्रमुखज्यूबाट संविधानको धारा २०१ को उपधारा (२) बमोजिम मिति २०८१ । ०६ । ०८ गते प्रमाणीकरण भएको ।

२८. २०८१/६/१३ गते माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू समक्ष प्रदेश लोकसेवा आयोग, सुदूरपश्चिम प्रदेशका अध्यक्ष श्री यज्ञराज बोहराज्यूले सुदूरपशचिम प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६६ बमोजिम प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०८०/०८१ चौथो वार्षिक प्रतिवेदन पेश गर्नुभएको ।

२९. २०८१/६/१४ गते माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू समक्ष अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कञ्चनपुरका कार्यालय प्रमुख श्री माधवप्रसाद पोखरेलज्यूले नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आ.व. २०८०/०८१ (२०८० श्रावण १ गते देखि २०८१ असाढ मसान्त सम्म) मा सम्पादन गरेका कामकारबाहीको चौतिसौं वार्षिक प्रतिवेदन पेश गर्नुभएको ।

३०. २०८१/६/१५ गते माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू समक्ष मुख्य न्यायाधिवक्ताको कार्यालय, सुदूरपश्चिम प्रदेशका माननीय मुख्य न्यायाधिवक्ता ठेकेन्द्र राज जोशीज्यूले मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्वन्धी ऐन, २०७५ को दफा ११ बमोजिम मुख्य न्यायाधिवक्ताको कार्यालय सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन पेश गर्नुभएको ।

३१. २०८१/७/१३ गते माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू समक्ष राष्ट्रिय दलित आयोगका माननीय सदस्य मीनादेवी सोवज्यूले नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम राष्ट्रिय दलित आयोगले आ.व. २०८०/०८१ मा सम्पादन गरेका कामकारबाहीहरुको वार्षिक प्रतिवेदन पेश गर्नुभएको ।

३२. २०८१/८/११ गते माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू समक्ष निर्वाचन आयोग प्रदेश निर्वाचन कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीका निमित्त प्रदेश निर्वाचन अधिकारी प्रेमराज भट्टज्यूले नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम निर्वाचन आयोग, नेपालको अठारौं वार्षिक प्रतिवेदन, २०८०/०८१ पेश गर्नुभएको ।

३३. २०८१/८/११ गते माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू समक्ष राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका माननीय अध्यक्ष बालानन्द पौडेलज्यूले नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको छैटौं वार्षिक प्रतिवेदन, २०८१ (सुदूरपश्चिम प्रदेश) पेश गर्नुभएको ।

३४. नेपालको संविधानको धारा २०१ उपधारा (१) वमोजिम माननीय प्रदेश प्रमुखज्यू समक्ष पेश भएको "सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संसोधन गर्न बनेको विधेयक" माननीय प्रदेश प्रमुखज्यूबाट संविधानको धारा २०१ को उपधारा (२) बमोजिम मिति २०८१ । ११ । ०२ गते प्रमाणीकरण भएको ।

३५. २०८१/११/२३ गते माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू समक्ष आदिवासी जनजाति आयोगका माननीय सदस्य सूर्य बहादुर गुरुङज्यूले नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम आदिवासी जनजाति आयोगको पाचौं वार्षिक प्रतिवेदन (आ.व. २०८०/०८१) पेश गर्नुभएको ।

३६. २०८१/१२/२५ गते माननीय प्रदेश प्रमुख नजिर मियाँज्यूले सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम सुदूरपश्चिम प्रदेश सभाको चालु पाँचौ अधिवेशन मिति २०८१ साल चैत्र २५ गते सोमवार राती १२:०० बजे देखि लागु हुने गरी अन्त्य गर्नु भएको ।

३७. प्रदेश प्रमुखको कार्यालय समेत विपक्षी बनाइ दायर गरेको ७ वटै प्रदेश प्रमुख र मुख्यमन्त्रीलाई दोहोरो सुविधा पर्ने गरी ललितपुर भैसेपाटीमा आवास उपलब्ध गराएको विषयमा सर्वोच्च अदालतमा परेको रिट उपर मिति २०८२/१/२ मा लिखित जवाफ पेश गरेको ।

३८. २०८२/२/१ गते माननीय प्रदेश प्रमुख नजिर मियाँज्यूले सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम प्रदेश सभाको पाँचौ अधिवेशन सम्वत् २०८१ साल जेठ ११ गते आइतवार दिउँसो १:०० बजे प्रदेश सभा भवन, धनगढी, कैलालीमा शुरु हुने गरी आव्हान गर्नु भएको ।

३९. २०८२/२/२ गते माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू समक्ष माननीय महालेखापरीक्षक तोयम रायाज्यूले नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम सुदूरपश्चिम प्रदेशको सातौं वार्षिक प्रतिवेदन (आ.व. २०८०/०८१), २०८२ पेश गर्नुभएको ।

४०. २०८२/२/४ गते माननीय प्रदेश प्रमुख श्री नजिर मियाँज्यूले माननीय मुख्यमन्त्री कमल बहादुर शाहज्यूको सिफारिसमा नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम सुदूरपश्चिम प्रदेश सरकारको मन्त्रिपरिषद् गठन तथा कार्यविभाजन गर्नुभई नवनियुक्त मन्त्री रामेश्वर चौधरीलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको ।

४१. २०८२/२/१२ गते माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू समक्ष मुस्लिम आयोगका का.वा. अध्यक्ष माननीय महमदिन अलिज्यूले मुस्लिम आयोगको छैटौं वार्षिक प्रतिवेदन (आ.व. २०८०/०८१) पेश गर्नुभएको ।

# विभिन्न आयोग/निकायबाट प्रतिवेदन ग्रहण गर्ने क्रममा मानननीय प्रदेश प्रमुखज्यूले दिनुभएको मन्तव्य

## १. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको चौतिसौं वार्षिक प्रतिवेदन बुझ्ने क्रममा दिनुभएको मन्तव्य

नेपालमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रबर्द्धन गर्नका लागि नेपालको संबिधानको धारा २३८ मा संवैधानिक निकायको रूपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको व्यबस्था गरिएको छ। संविधानको धारा २३९ ले सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्ने व्यवस्था छ।

संबिधानको धारा २९४ को उपधारा (३) मा संबैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्वन्धमा प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्ने व्यवस्था गरिए बमोजिम प्रतिवेदन हस्तान्तरणको सिलसिलामा यो कार्यक्रम आयोजना गरिएको हो। यस प्रतिवेदनको कार्यान्वयनले सार्वजनिक पदधारण गरेको ब्यक्तिले गरेको अख्तियारको दुरुपयोगको अनुसन्धान गरी अभियोजन गर्ने कार्यको अतिरिक्त कानूनी राज्यको अवधारणा अनुरुप सुशासन कायम गर्न, भ्रष्टाचार नियन्त्रण गर्न, सार्वजनिक सेवामा प्रभावकारिता कायम गर्नका लागि आवश्यक हुने सुधारात्मक कार्य गर्नेछ।

उल्लेखित कार्यले सरकारको काम कारवाही र क्रियाकलापलाई उत्तरदायी बनाई लोकतन्त्रलाई समृद्ध बनाउने छ भन्ने विश्वास लिएको छु। सार्वजनिक सेवा प्रवाहमा नागरिक र सम्पूर्ण सरोकारवाला पक्षको जिज्ञासा, चासो र सरोकारलाई ध्यान दिई लोकतान्त्रिक शासन प्रणालीलाई जनमुखि र जनमैत्री बनाउन मुख्य भूमिका खेल्नेछ भन्ने मेरो विश्वास छ। राज्य प्रणाली र शासन व्यवस्थामा नागरिक चासो सम्बोधन आधुनिक लोकतन्त्रको मुख्य ध्येय हो। सरकारका क्रियाकलाप र सार्वजनिक निकायका पदाधिकारी तथा राष्ट्रसेवकको व्यवहारलाई लोकतान्त्रीक मूल्य मान्यता अनूरुप बनाई कानूनको पूर्ण कार्यान्वयनमा प्रतिवेदन कोशे ढुङ्गा सावित हुने कुरामा म आशावादी छु। प्रतिवेदन तयारीमा विभिन्न चरणमा कार्य गर्नुहुने र प्रतिवेदन पेश गर्न पाल्नु हुने, सबै प्रति धन्यवाद ज्ञापन गर्दछु।

साथै, संवैधानिक व्यबस्था बमोजिम आयोगले आर्थिक बर्ष २०८० । ८१ मा सम्पादन गरेको कामकारवाही सम्बन्धी यो बार्षिक प्रतिबेदनलाई मूख्यमन्त्री मार्फत प्रदेश सभा समक्ष पेश गर्न लगाइनेछ। र प्रतिवेदनमा औंल्याइएका बिषयवस्तुलाई कार्यान्वयनमा लैजान हामी सबैले आ-आफ्नो ठाउँबाट भूमिका खेल्न म आग्रह गर्दछु। धन्यवाद !

## २. निर्वाचन आयोगको अठारौं वार्षिक प्रतिवेदन बुझ्ने क्रममा दिनुभएको मन्तव्य

आवधिक निर्वाचन लोकतन्त्रको आधार हो। नेपालको संविधानको धारा २४५, २४६ र २४७

मा निर्वाचन आयोगको गठन र काम, कर्तव्य र अधिकार सम्वन्धि व्यवस्था रहेको छ । सोहि बमोजिम निर्वाचन आयोगलाई राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख निर्देशन र नियन्त्रण गर्ने, निर्वाचन प्रयोजनका लागि मतदाता नामावली तयार गर्ने एवम् राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह गराउने समेतको जिम्मेवारी तोकेको छ । संविधानले तोकेको संवैधानिक जिम्मेवारी अनुरुप आयोगले स्वतन्त्र, निष्पक्ष र विश्वसनिय ढंगले विभिन्न तहको निर्वाचन सम्पन्न गर्दै आईरहेको छ। जनताको सार्वभौम अधिकारको सम्मान गर्दै स्वतन्त्र, निष्पक्ष र विश्वासिलो निर्वाचन सुनिश्चित गर्न आयोगले गरेको कार्यले लोकतन्त्र प्रति जनताको विश्वासलाई थप बलियो बनाएको छ। संघीय, प्रदेश र स्थानीय तहमा सम्पन्न भएका निर्वाचनहरु लोकतन्त्रको सुन्दर र सवल अभ्यास हुन् । यसका साथ साथै निर्वाचन आयोगले नेपालको संविधानले परिकल्पना गरे बमोजिम समानुपातिक समावेशी प्रतिनिधित्वको सुनिश्चितताका लागि गर्दै आईरहेको प्रयास सह्रानीय छ । लोकतन्त्रको संस्थागत विकास, सुदृढीकरण र सवलीकरण गर्न आयोगको महत्वपूर्ण भुमिका रहदै आएको छ । यस क्रममा आयोगबाट भए गरेका कार्यहरुको उच्च मूल्यांकन गर्दै आभार प्रकट गर्न चाहन्छु, साथै आउँदा दिनमा समेत निर्वाचन शिक्षा र मतदाता शिक्षालाई व्यापकता दिई बदर मत कम गर्न, पहुँचयोग्य निर्वाचन गर्न, विदेशमा रहेका नेपाली नागरिकहरुको मताधिकारको सुनिश्चितता गर्दै लोकतन्त्रलाई अझै सुदृढ, समावेशी र विश्वसनिय बनाउदै आयोग आम नागरिकहरुको निर्वाचन प्रतिको जनविश्वास बढाउने दिशामा अग्रसर रहने छ भन्ने मैले विश्वास लिएको छु ।

आयोगले आफूले सम्पादन गरेका काम कार्वाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश भईसकेपश्चात सम्वन्धित प्रदेश निर्वाचन अधिकारी मार्फत प्रदेश प्रमुख समक्ष पेश गर्ने व्यवस्था बमोजिम आयोगको १८ औं वार्षिक प्रतिवेदन ग्रहण गर्न पाउँदा अत्यन्त हर्षित भएको छु । यसका लागि प्रदेश निर्वाचन कार्यालयलाई धन्यवाद दिँदै आयोग प्रति आभार प्रकट गर्न चाहन्छु । अन्तमा यो प्रतिवेदन बुझाउने कार्यमा सहभागी हुनुहुने उपस्थित महानुभाव प्रति धन्यवाद दिन चाहाँन्छु । धन्यवाद ।

## ३. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन बुझ्ने क्रममा दिनुभएको मन्तव्य

नेपालमा संघीय शासन प्रणाली अबलम्बन गरिए सँगै ३ तहका सरकारहरु बिच गरिएको राज्यशक्तिको बाँडफाटलाई वास्तविक अर्थमा कार्यान्वयन गर्नका लागि देशमा उपलब्ध प्राकृतिक एवं वित्तीय श्रोतहरुलाई न्यायोचित वितरण सुनिश्चित गर्न नेपालको संविधानको धारा २५० र २५१ मा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको व्यवस्था गरिएको छ ।

नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम संवैधानिक निकायले प्रत्येक प्रदेशको कामकारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्ने व्यवस्था गरिएको छ । नेपालको संविधान बमोजिम वित्त आयोगलाई तीन तहका सरकार बीच राजस्व

बाँडफाटका आधार र ढाँचा तयार गर्ने, अनुदानको सिफारिस गर्ने, बाँडफाटलाई वस्तुपरक बनाउन बाँडफाटको अध्ययन/अनुसन्धान गरी बाँडफाटको आधार तय गर्ने, राजस्व असुलीका लागि अबलम्बन गर्ने उपायको सिफारिस गर्ने, राजस्वसँगको सरोकारको विषय विश्लेषण सहित तीन तहका सरकारको आन्तरिक ऋणको सीमा सिफारिस गर्ने तथा राजस्व बाँडफाटमा देखिन सक्ने सम्भावित विवादको निराकरणमा समन्वयात्मक भुमिकाको जिम्मेवारी प्रदान गरेको छ । यसरी नेपालको संविधानले यस आयोगलाई देशको राजस्व प्रशासनको प्रमुख विज्ञ निकायको रुपमा स्थापित गरेको छ । त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ ले संघ, प्रदेश र स्थानीय तहको राजस्व बाँडफाट तथा वित्तिय श्रोत हस्तान्तरणमा प्रमुख भुमिका निर्वाह गर्ने व्यवस्था उल्लेख छ ।

संघीयता नेपालको सन्दर्भमा अधिकार, साधन र श्रोतलाई तल्लो तहमा हस्तान्तरण गर्ने, विभिन्न विभेद र असमानताको समाधान गर्ने, नेपाली समाजमा रहेका फरक सोच, मूल्य मान्यता तथा पहिचानको संरक्षण गर्ने राजनीतिक, सामाजिक, आर्थिक प्रयासहरुको समग्र सोच हो । यसले नेपाल राष्ट्र र नेपाली समाजले भोगिरहेका विद्यमान समस्याहरुको वस्तुपरक समाधानका लागि आधार तय गरेको छ । संघीयताले अधिकार, साधन श्रोत र सार्वजनिक सेवालाई नागरिकको पहुँचमा पुर् याएकोछ । विकेन्द्रीकरण, अधिकारको निक्षेपण र हस्तान्तरण तथा राज्य प्रणालीमा Right based Approach को व्यवहारिक कार्यान्वयन संघीयताको मुख्य ध्येय रहेको छ ।

संघीयताको कार्यान्वयनमा प्राकृतिक श्रोत तथा वित्त आयोग मेरुदण्डको रुपमा रहेको छ । संघीयतालाई संस्थागत गर्न आयोगले खेलेको भुमिका प्रशंसनीय रहेको छ । साधन र श्रोतको हस्तान्तरण वा आधारलाई पारदर्शी र सर्वस्वीकार्य बनाउनु आयोगको मुख्य सफलता हो । आयोगको विज्ञताबाट श्रोत साधनको प्रयोग र परिचालनलाई नतिजामुखी बनाउनु तथा श्रोतको अनुमानयोग्यता कायम हुनु हाम्रो जस्तो मुलुकका लागि ठुलो उपलब्धी हो ।

मलाई विश्वास छ, यो प्रतिवेदन नेपालमा श्रोत व्यवस्थापनलाई मार्गदर्शन गर्न महत्वपुर्ण दस्तावेज हो । यसको कार्यान्वयनले राजस्व बाँडफाट,राजस्व श्रोतको हस्तान्तरण, वहुतहको सरकारबिच सहकार्य र समन्वयमा महत्वपुर्ण भुमिका खेल्नेछ । सम्मानित आयोगको विज्ञता, सार्वजनिक श्रोत/राजस्व व्यवस्थापन तथा हस्तान्तरणका लागि प्रतिवेदन अनुसरणयोग्य हुनेछ । यो महत्वपुर्ण प्रतिवेदन आयोगको अनुभव र सम्पादित कृयाकलापको विवरण र प्रस्तुति मात्र होइन संघीयताको सफलताको लागि महत्वपुर्ण आधारस्तम्भ र कोशेढुंगा हो भन्ने मैले बुझेको छु । सम्मानित आयोगमा रहेर आफ्नो महत्वपुर्ण जिम्मेवारी निर्वाह गर्नुहुने पदाधिकारी तथा राष्ट्रसेवक कर्मचारी धन्यवादको पात्र हुनुहुन्छ ।

साथै आ.व. २०८०/८१ को यो वार्षिक प्रतिवेदनलाई कार्यान्वयनका लागि माननीय मुख्यमन्त्रीज्यू मार्फत प्रदेश सभामा पठाईनेछ । प्रतिवेदनमा औल्याईएका विषयवस्तुलाई कार्यान्वयनमा लैजान हामी सबैले आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्नहुन आग्रह गर्दछु । साथै प्रतिवेदन तयारीका विभिन्न चरणमा कार्य गर्नुहुने र प्रतिवेदन पेश गर्न पाल्नुहुने सम्पुर्ण प्रति धन्यवाद व्यक्त गर्दछु । धन्यवाद ।

## ४. मुख्यन्यायाधिवक्ताको कार्यालयको आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन बुझ्ने क्रममा दिनुभएको मन्तव्य

नेपालको संविधानको भाग १६० बमोजिम महान्ययाधिवक्ताको मातहतमा रहने गरी प्रदेशमा मुख्य न्यायधिवक्ता रहने व्यवस्था गरिएको छ । मुख्य न्यायाधिवक्ताद्वारा प्रदेश सरकारलाई कानूनी सल्लाह तथा संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार र प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिईन्छ । नेपालको संविधानको धारा १६० को उपधारा (७) वमोजिमको व्यवस्था गर्न सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले बनाएको मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ११ बमोजिम मुख्य न्यायाधिवक्ताले आर्थिक वर्ष २०८०/८१ मा आफ्नो कार्यालयले गरेका काम कारबाही तथा आफ्नो र मातहतका कार्यालयको भौतिक स्थिति, कार्यबोझ, काम कारबाही र बिनियोजित रकम तथा उपलब्धिको बिषयमा आवश्यक सिफारिस र सुझाव समेतको बार्षिक प्रतिवेदन तयार गरी आर्थिक बर्ष समाप्त भएको तीन महिनाभित्र प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था बमोजिम यो कार्यक्रमको आयोजना गरिएको हो ।

यस प्रतिवेदनको कार्यान्वयनले संवैधानिक एवम् कानूनी विषयमा प्रदेश सरकारलाई राय सल्लाह प्राप्त हुनुका अतिरिक्त कानूनी राज्यको अवधारणा अनुरूप संविधानको संरक्षण र कार्यान्वयन गर्न,न्यायिक प्रक्रिया व्यवस्थापन गर्न, कानूनी अध्ययन र अनुसन्धान गर्न, प्रदेश सरकारका निकायसँग समन्वय गरी कानूनी मुद्दाहरुमा प्रभावकारी कार्य गर्न सहयोग गर्न लगायतको आवश्यक हुने सुधारात्मक कार्य गर्नेछ । प्रदेश सरकारमा मुख्य न्यायाधिवक्ताले सम्पादन गरेको काम कारवाही सम्बन्धी वार्षिक प्रतिवेदन कार्यान्वयनले न्यायिक प्रणालीको प्रभावकारिता र पारदर्शिता वृद्धि तथा न्यायालयको कार्यप्रदर्शनको मूल्यांकन गर्दै समस्याहरूको पहिचान गरी समाधानको लागि कानूनी सुधारको सिफारिसहरू प्रस्तुत गर्ने अपेक्षा गरेको छु । प्रतिवेदन तयारीका बिभिन्न चरणमा कार्य गर्नुहुने र प्रतिवेदन पेश गर्न पाल्नु हुने सम्पूर्ण प्रति धन्यवाद व्यक्त गर्दछु ।

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ११ बमोजिम मुख्य न्यायाधिवक्ताले आर्थिक वर्ष २०८०/०८१ मा आफ्नो कार्यालयले गरेका काम कारबाही सम्बन्धी यो वार्षिक प्रतिबेदनलाई मुख्यमन्त्री मार्फत प्रदेश सभा समक्ष पेश गर्न लगाईनेछ । र प्रतिवेदनमा औल्याईएका बिषयवस्तुलाई कार्यान्वयनमा लैजान हामी सबैले आ-आफ्नो तर्फबाट भुमिका निर्वाह गर्नहुन म आग्रह गर्दछु । धन्यवाद ।

## ५. आदिवासी जनजाति आयोगको आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन बुझ्ने क्रममा दिनुभएको मन्तव्य

नेपालमा संघीय शासन प्रणाली अवलम्बन गरिए सँगै नेपालको संविधानको धारा २६१ बमोजिम आदिवासी जनजाति आयोगको व्यवस्था गरिएको छ । नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम संवैधानिक निकायले प्रत्येक प्रदेशको कामकारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरि प्रदेश प्रमुख समक्ष पेश गर्ने व्यवस्था गरिएको छ ।

यो महत्वपूर्ण प्रतिवेदन आयोगको अनुभव र सम्पादित क्रियाकलापको विवरण र प्रस्तुती मात्र होइन संघीयताको सफलताको लागि महत्वपूर्ण आधारस्तम्भ र कोशे ढुङ्गा हो भन्ने मैले बुझेको छु। सम्मानित आयोगमा रहेर आफ्नो महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुहुने पदाधिकारी तथा राष्ट्र सेवक कर्मचारीलाई धन्यवादका पात्र हुनुहुन्छ।

साथै, आ.व. २०८०/०८१ को यो वार्षिक प्रतिवेदनलाई कार्यान्वयका लागि माननीय मुख्यमन्त्रीज्यू मार्फत प्रदेश सभामा पठाइनेछ। प्रतिवेदनमा औंल्याइएका विषयवस्तुलाई कार्यान्वयनमा लैजान हामी सबैले आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्न हुन आग्रह गर्दछु। साथै प्रतिवेदन तयारीका विभिन्न चरणमा कार्य गर्नुहुने र प्रतिवेदन पेश गर्न पाल्नुहुने सम्पूर्ण प्रति धन्यवाद व्यक्त गर्दछु। धन्यवाद !

# मानननीय प्रदेश प्रमुखज्यू सहभागी हुनुभएको विभिन्न कार्यक्रम/गतिविधिहरुको झलक




२०८० साल चैत्र २ गते सुदूरपश्चिम प्रदेशको प्रदेश प्रमुखको रुपमा पदभार ग्रहण गर्नुहुदैं माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।



२०८० साल चैत्र २ गते पदभार ग्रहण पश्चात सुदूरपश्चिम प्रदेशका माननीय मुख्यमन्त्री कमल बहादुर शाहबाट स्वागत ग्रहण गर्नु हुदैं माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।



प्रदेश प्रमुखको कार्यालय र सचिवालयका कर्मचारीसँग सामूहिक भेटघाट तथा छलफल कार्यक्रममा माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।



प्रदेश प्रमुखको कार्यालयका सचिव श्री नवराज ढुंगानालाई स्वागत गर्दै माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।



सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूसँग माननीय प्रदेश प्रमुख नजिर मियाँ र उहाँकी धर्मपत्नी ।



सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलसँग सामूहिक तस्वीर खिचाउदै माननीय प्रदेश प्रमुख निजर मियाँ र मधेस प्रदेश, बाग्मती प्रदेश र गण्डकी प्रदेशका प्रदेश प्रमुखज्यूहरु ।




मानानीय मुख्यमन्त्री कमल बहादुर शाहको सपथ ग्रहण कार्यक्रमा सपथ ग्रहण गराउदै माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।




मिति २०८१ साल श्रावण २१ गते नवगठित मन्त्रीमण्डलका सदस्यज्यूहरुसँग सामूहिक तस्विर खिचाउदै माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।




सुदूरपश्चिम प्रदेश लोकसेवा आयोगको चौथो वार्षिक प्रतिवेदन ग्रहण गर्दै माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।




माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू समक्ष मुख्य न्यायाधिवक्ता श्री ठेकेन्द्र राज जोशीज्यूलाई सपथ ग्रहण गराउनु हुदैं उच्च अदालत दिपायलका माननीय मुख्य न्यायाधिस श्री शान्तिसिंह थापा ।



मुख्यन्यायाधिवक्ता श्री ठेकेन्द्र राज जोशीज्यू मार्फत मुख्यन्यायाधिवक्ता कार्यालयको आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन ग्रहण गर्नुहुदै माननीय प्रदेश प्रमुख निजर मियाँज्यू ।



राष्ट्रिय दलित आयोगका माननीय सदस्य मिना देवी सोव मार्फत राष्ट्रिय दलित आयोगको आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन ग्रहण गर्नु हुदैं माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।




अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कञ्चनपुरका कार्यालय प्रमुखमार्फत आ.व. २०८०/०८१ को चौतिसौं वार्षिक प्रतिवेदन ग्रहण गर्दै माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।




प्रदेश प्रमुखको कार्यालयमा कार्यरत एक जना कर्मचारीलाई निजामती कर्मचारी दिवस, २०८१ को उपलक्ष्यमा सम्मान कार्यक्रममा माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।




प्रदेश प्रमुखको कार्यालय तथा सचिवालयका कर्मचारीसँग सामुहिक तस्वीर खिचाउदै माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।




आदिवासी जनजाति आयोगका सदस्यज्यू बाट आदिवासी जनजाति आयोगको पाँचौं वार्षिक प्रतिवेदन,२०८०/८१ ग्रहण गर्नुहुँदै माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।




सुदूरपश्चिम प्रदेश सभा दिवस, २०८१ को अवसरमा आतिथ्यता ग्रहण गर्नुहुँदै माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।




सुदूरपश्चिम विश्वविद्यालय अन्तर्गत कैलाली बहुमुखी क्याम्पसको ४४ औं वार्षिक उत्सव कार्यक्रममा सरिक हुनुहुदैं माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।




संविधान दिवस तथा राष्ट्रिय दिवस सुदूरपश्चिम प्रदेश मुल समारोह, २०८१ मा आतिथ्यता ग्रहण गर्नुहुँदै माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।




राष्ट्रिय प्रजातन्त्र दिवस, सुदूरपश्चिम प्रदेश मुल समारोह २०८१ मा आतिथ्यता ग्रहण गर्नुहुँदै माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।



सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूलाई सुदूरपश्चिम विश्वविद्यालयको पाँचौ दिक्षान्त समारोहको अवसरमा महेन्द्रनगरमा स्वागत गर्नुहुँदै माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।




अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३४ औं स्थापना दिवस २०८१ को अवसरमा आतिथ्यता ग्रहण गर्नुहुँदै माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।




राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका अध्यक्षज्यूबाटबाट राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको छैटौं वार्षिक प्रतिवेदन,२०८१ (सुदूरपश्चिम प्रदेश) ग्रहण गर्नुहुँदै माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।




निर्वाचन आयोगको सुदूरपश्चिम प्रदेश कार्यालय निमित्त प्रमुखबाट निर्वाचन आयोगको १८ औं वार्षिक प्रतिवेदन, २०८०/०८१ ग्रहण गर्नुहुँदै माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।




लुम्बिनी प्रदेशका माननीय प्रदेश प्रमुख कृष्ण बहादुर घर्तीज्यू सहितको टोलीलाई सुदूरपश्चिम प्रदेशको तर्फबाट मायाको चिनो प्रदान गर्नुहुँदै माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।



गण्डकी प्रदेशका माननीय प्रदेश प्रमुख डिल्लीराज भट्टज्यूलाई सुदूरपश्चिम प्रदेशको तर्फबाट मायाको चिनो प्रदान गर्नुहुँदै माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।



कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुख यज्ञराज जोशीज्यूलाई सुदूरपश्चिम प्रदेशको तर्फबाट मायाको चिनो प्रदान गर्नुहुँदै माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।



बागमती प्रदेशका माननीय प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाज्यूलाई सुदूरपश्चिम प्रदेशमा स्वागत गर्नुहुँदै माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।




धनगढी उपमहानगरपालिकाद्वारा आयोजित सीप तथा रोजगार मेला, २०८१ को अवलोकन गर्नुहुँदै माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।




टीकापुर महोत्सव २०८१ मा आतिथ्यता ग्रहण गर्नुहुँदै माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।




सुदूरपश्चिम लोक सांस्कृतिक महोत्सव फुलवारी २०८१ मा आतिथ्यता ग्रहण गर्नुहुँदै माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।



सुदूर नेपाल संस्कृति सेवा समाजको कार्यक्रममा आतिथ्यता ग्रहण गर्नुहुँदै माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।



होरी मिलन तथा खखडेहरा महोत्सव २०८१ कार्यक्रममा आतिथ्यता ग्रहण गर्नुहुँदै माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।




२६२ औं नेपाली सेना दिवस, २०८१ को अवसरमा सुदूरपश्चिम पृतना हेडक्वाटरमा आयोजित कार्यक्रममा पुरस्कार विजेताहरुसँग माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू ।




मा. महालेखापरीक्षकज्यूबाट सुदूरपश्चिम प्रदेशको सातौं वार्षिक लेखापरीक्षण प्रतिवेदन, २०८२ ग्रहण गर्नुहुँदै माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू



मुस्लिम आयोगका का.वा. अध्यक्षज्यूबाट मुस्लिम आयोगको छैटौं वार्षिक प्रतिवेदन (आ.व.२०८०/०८१ ग्रहण गर्नुहुँदै माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू

# सुदूरपश्चिम प्रदेशभित्र अवस्थित विभिन्न धार्मिक, सांस्कृतिक, पुरातात्विक तथा पर्यटकीयस्थलहरु

## १) दोधारा चाँदनी (झोलुङ्गे पुल):

कन्चनपुर जिल्लास्थित महाकाली नदीमा रहेको यो पुलले भिमदत्त नगरपालिका र महाकाली नदी पारि दोधारा चाँदनी नगरपालिकाको दोधारा चाँदनी गाउँलाई जोड्दछ । यो झोलुङ्गे पुल नेपालकै सबै भन्दा लामो झोलुङ्गे पुल हो । करिब १४५२.९६ मिटर लम्बाइ, १.६ मिटर चौडाइ रहेको यो पुल २०६१ सालमा निर्माण गरिएको थियो । यो पुल महेन्द्रनगर बजारदेखि करिब १२ किमि दक्षिणपश्चिममा अवस्थित छ। यस क्षेत्रको अवलोकनका लागि बर्षेनी स्थानीय र बाह्य गरी हजारौ पर्यटकहरु, विद्यालय, क्याम्पस, क्लव, विभिन्न समुह, संघ संस्थाहरुबाट मानिसहरु आउने गरेका छन् । यो पुलले कन्चनपुर जिल्लाको आन्तरिक पर्यटनमा ठुलो महत्व राखेको छ ।



## २) गोदावरी क्षेत्रः

कैलाली जिल्लाको गोदावरी नगरपालिकामा रहेको गोदावरी क्षेत्र कैलाली जिल्लाको एउटा रमणीय धार्मिक पर्यटकीय क्षेत्र हो । सुदूरपश्चिम प्रदेशको पहाडी जिल्लाको प्रवेशविन्दु अत्तरिया चोकबाट उत्तर करिव १० किमि मा रहेको गोदावरी क्षेत्र तराईको सिर र चुरे पर्वतमालाको पाउ हो । जसका कारण यो भूभाग तराई र चुरेको संगमस्थलको रुपमा रहेको छ । पवित्र गोदावरी नदीले सिञ्चित गरेको यो भुमि धार्मिक एवं पर्यटकीय दृष्टिले एकदमै महत्वपुर्ण छ। गर्मी मौसममा सितलता खोज्दै

जाने पर्यटकका लागि यो क्षेत्रमा पर्याप्त होटल तथा आधुनिक रिसोर्टहरु खुलिसकेका छन् । यस क्षेत्रमा शिव मन्दिर, गोदावरी भगवतीको मन्दिर र हनुमानको ४३ फिट अग्लो मन्दिर रहेको छ । यस क्षेत्रमा मकर सँक्रान्तिमा ठूलो मेला लाग्ने गरेको छ । उक्त मेलामा छिमेकी मुलुक भारतबाट समेत उल्लेख्य संख्यामा दर्शनार्थीहरु आउने गरेका छन् । संस्कृत भाषाको पढाईका लागि उक्त स्थानमा गुरुकुल संस्कृत विद्यापिठ समेत संचालित रहेको छ। मुख्यत विवाह व्रतवन्ध जस्ता धार्मिक कार्यहरुका साथसाथै विदा मनाउन, बनभोज खान, खोलामा पौडी खेल्न र पुरानो काठेपुलको अवलोकन गर्न, परम्परागत पहिरनमा टिकटक बनाउन मानिसहरु आउने गरेका छन् । यस क्षेत्रमा जिपलाइन, पिङ्ग खेल्ने जस्ता साहसिक पर्यटकीय गतिविधिहरु समेत संचालनमा रहेका छन् ।




## ३) घोडाघोडी ताल:

कैलाली जिल्लाको घोडाघोडी नगरपालिकामा पूर्व पश्चिम राजमार्गको छेउमै अवस्थित यो ताल पर्यटकीय पर्यावरणीय तथा पौराणिक दृष्टीकोणबाट नेपालको एक प्रसिद्ध स्थानको रुपमा रहेको छ । मानवको हत्केला आकारको यो ताल विश्व रामसार सुचीमा सुचिकृत हुनुका साथै जैविक विविधताको हिसावमा उत्कृष्ट छ । धार्मिक र प्राकृतिक हिसाबले निकै प्रसिद्ध मानिने यो तालको इतिहास थारू समुदायसँग गाँसिएको छ । स्थानीय किम्बदन्ती अनुसार यो ताल सातवटा थारू जातिको बसोबास रहेको गाउँ डुबेर बनेको मानिन्छ। यस तालको पश्चिम पट्टी शिवमन्दीर रहेको छ। यस क्षेत्रमा माघे संक्रान्ति र शिवरात्रीमा ठुलो मेला लाग्ने गर्दछ। तालको मुख्य प्रवेशद्वारमा घोडा र घोडीको मुर्ति स्थापना गरिएकोले यस तालको आकर्षण अझै बढ्न गएको छ। यस तालमा माछापालन र डुंगा शयर पनि हुने गर्नुका साथै तालको अवलोकनका लागि भ्युटावरको समेत व्यवस्था गरिएको छ । यस स्थानमा विभिन्न ठाउहरुबाट बनभोज, तालको अवलोकन, शैक्षिक भ्रमण, अध्ययन अनुसन्धानका लागि मानिसहरु आउने गर्दछन् । धनगढीबाट करिव १ घंटा ३० मिनेटमा पुग्न सकिने चिसापानी पुल कर्णालीबाट केवल ३५ किमि पश्चिममा महेन्द्र राजमार्गमै रहेको कारण चिसापानी घुम्न आउने पर्यटकहरुले एक पटक यस तालको भ्रमण गर्न दुरी र समयको हिसावले पनि उपयुक्त नै हुने गर्दछ। ताल क्षेत्र नजिकै ठुलो सुखड बजार रहेको हुँदा खाने बस्ने लगायतको पर्याप्त सुविधा रहेको छ ।



## ४) चिसापानी कर्णाली:

पूर्व पश्चिम राजमार्ग अन्तर्गत चुरे पहाडको फेदीमा कैलाली र बर्दिया जिल्ला को सिमानामा कर्णाली नदीमा निर्मित एक खम्वामा अडिएको कर्णाली पुलको लम्बाई ५०० मिटर रहेको छ । यो पुलको पश्चिमपट्टि चिसापानी बजार रहेको छ भने पुर्वपट्टी लगतै वर्दिया राष्ट्रिय निकुन्ज क्षेत्र प्रारम्भ हुन्छ । यही कर्णाली पुल नजिकैबाट रानी जमरा कुलरिया सिचाई आयोजनाको इन्टेक सुरु भएको छ । चिसापानी क्षेत्र कर्णालीको माछाको परिकारको लागि प्रसिद्ध भएकोले टाढा टाढाबाट पनि माछाको स्वाद लिन, च्वातष्लन गर्न र पौडी खेल्न बर्षेनी ठूलो संख्यामा आन्तरिक र बाह्य पर्यटकहरु आउने गर्दछन् । हालैका दिनमा यहाँ कर्णाली नदीमा स्टीमर जहाज पनि संचालनमा ल्याईएकोले पर्यटकका लागि थप आकर्षकता थपिएको छ । कर्णाली पुलमा रमाउदै फोटो खिच्ने र टिकटक बनाउनेहरुलाई कर्णाली नदीको खोच भएर बहने तीव्र हावाको झोक्काले झन आनन्दित तुल्याउने गरेको छ । यसका साथै वरिपरिका रमणीय डाडापाखाहरु, मनोरम दृश्यहरु, यस नदीमा पाइने डलफिन माछाहरुले यहा जाने पर्यटकहरुको मनै लोभ्याउने गर्दछ । सुदूरपश्चिम प्रदेशबाट नेपालको सबै प्रदेशहरुमा जाने मुख्य द्वारको रुपमा रहेको कर्णाली पुलले गर्दा यस क्षेत्रको अझ ठूलो महत्व रहन गएको छ । हाल कर्णाली चिसापानी क्षेत्रको चुरेको डाडामा जालपादेवी केवलकार निर्माणाधीन अवस्थामा रहेकोले भविष्यमा यस क्षेत्रको पर्यटकीय सम्भावना थप बलियो हुने देखिन्छ ।



## ५) भादागाउँ थारु होमस्टे:

कैलाली जिल्लाको धनगढी उपमहानगरपालिका १६ भादा गाउँमा रहेको यो होमस्टे गाउँ धनगढी बजारबाट पुर्वतर्फ करिब १३ किलोमिटरको दूरीमा रहेको छ। २०६७ मा स्थापना भएको यो गाउँमा होमस्टे घरहरू थारु समुदायको परम्परागत शैलीका छन् । होमस्टेमा थारु परिकार सहित गाउकै अर्गानिक खानपानको सेवा सुविधा उपलब्ध हुन्छ । भादा होमस्टेको प्रवर्धन गर्ने उद्देश्यले समय समयमा होमस्टे महोत्सव समेत आयोजना गर्ने गरिएको छ । होमस्टेमा प्राय मानिसहरु स्थानीय खानपिन रहनसहन संस्कृतिको अवलोकनका साथै सोको अनुभव लिने र विदा मनाउने प्रयोजनका लागि आउने गर्दछन् । गर्मी महिनाको तुलनामा चिसो महिनामा होमस्टेमा आगन्तुकको उपस्थिति ज्यादा हुने गर्दछ । यो होमस्टेमा पाहुनाको इच्छा अनुसार खानपिनको व्यवस्थाका साथै स्थानीय कलासंस्कृति झल्किने नाचगान समेत देखाइने गरिन्छ । यस होमस्टेमा देशका विभिन्न ठाउबाट होमस्टे अध्ययन र अवलोकन लागि समेत मानिसहरु आउने गरेका छन् ।





## ६) उग्रतारा मन्दिर:

डडेल्धुरा जिल्लाको सदरमुकामबाट करिब ५ किलोमिटर उत्तर दिशामा दशरथचन्द राजमार्ग नजिकै उग्रतारा भगवतीको मन्दिर अवस्थित रहेको छ । गरुड पुराण अनुसार करिव ५००० वर्ष पहिले स्थापित यो मन्दिर शक्ति पिठको रुपमा रहेको छ । उग्रतारा देवीलाई सन्तान दिने, आफन्तको मिलन गराउने र प्राकृतिक प्रकोपबाट जोगाउने देवीको रुपमा लिइन्छ। मन्दिरको प्राङ्गणमा पूर्वपट्टि श्री गणेश र राधाकृष्णको अत्यन्तै आकर्षक मूर्ति रहेका छन्। प्राङ्गण भित्र उत्तरपट्टिको भवनमा बेद विद्याश्रम सञ्चालन गरिएको छ। मन्दिरको सिढीको दाँया बाँया विभिन्न देवी देवताका मूर्तिहरु निकै आकर्षक देखिन्छन । मन्दिरको चौरतिर विभिन्न देवी देवताका मूर्तिहरु कूदिएका छन । मन्दिरको वरिपरि विभिन्न प्रजातिका वनस्पतिले ढाकिएको जंगल रहेको छ। मन्दिर रहेको स्थान वरिपरिको स्थानभन्दा अग्लो रहेकोले मन्दिर परिसरबाट वरिपरि राम्रो दृष्यावलोकन गर्न सकिन्छ। मन्दिरसम्म पुग्न पक्की बाटो हुनुका साथै पर्याप्त मात्रामा पार्किङ्गको पनि व्यवस्था रहेको छ। मन्दिर नजिकै नजिकै ठुलो चौर रहेको छ जसमा कार्तिक पूर्णिमामा मन्दिरमा ठुलो मेला लाग्ने गर्छ । यसका साथै चैते दशैं, रामनवमी, जनै पूर्णिमा समेत विशेष पूजा आजा गर्ने प्रचलन रहि आएको छ । परापूर्वकालमा सावद थरका व्यक्तिले हलो जोत्दा वारीमा मूर्ति भेटाएकाले यो ठाउँमा मूर्तिको

प्रतिष्ठापन गरिएकोले साँवदहरु नै उक्त मन्दिरका पुजारी भएको मान्यता रहेको छ । कार्तिक पूर्णिमामा लाग्ने मेलामा लाखौ पर्यटक र भक्तजनहरु आउने र अन्य समयमा पनि ठुलो संख्यामा दैनिक रुपमा श्रद्धालु भक्तहरु र पर्यटकहरु मन्दिरमा आउने गर्दछन ।




## ७) मेलौली भगवती मन्दिरः

मेलौली भगवती मन्दिर बैतडी जिल्ला मेलौली गाउँपालिकामा अवस्थित छ। जनश्रृति अनुसार यो मन्दिर १८ औं शताब्दी तिर निर्माण गरिएको हो। यो स्थल बैतडी जिल्लाको सदरमुकाम बैतडीबाट दक्षिण दिशामा पर्दछ र त्यहाँबाट ५५ कि.मि. टाढा पर्दछ। जिल्ला सदरमुकामबाट यहाँ पुग्ने सडक मार्गको सहज पहुँच छ। यहाँको मौसम सामान्यतया चिसो छ। यो धार्मिक स्थल मेलौली देवीको लागि प्रसिद्ध छ। यहाँ मंसिर महिनाको पूर्णिमा तिथिमा लाग्ने जात्रामा धेरै मानिसहरु भेला हुन्छन् र पुजा गर्छन् । विगतमा शक्तिपिठमा कन्या केटी चढाईने र मन्दिरमा चढाईएका उक्त कन्या देउकीको रुपमा रहने देउकी प्रथाको केन्द्रको रुपमा समेत यो मन्दिर रहेको भएता पनि हाल यो प्रथा अन्त्य भईसकेको पाइन्छ। यस स्थलको (मन्दिर) को खास विशेषता १३४ रोपनी क्षेत्रफलमा फैलिएको रमणिय स्थल, ऐतिहासिक सिलालेख र स्थानिय ढुङ्गाले बनाएको प्यागोडा शैलीको मन्दिर रहेको छ। मन्दिरको अवस्थिति उच्च थुम्कोमा रहेको र चारैतिर चौर रहेको यस मन्दिरबाट वरिपरि राम्रो दृष्यावलोकन गर्न सकिन्छ ।



## ८) वैद्यनाथ धामः

वैद्यनाथ धाम अछाम जिल्लाको साफेबगर नगरपालिका वुढीगंगा नदिको किनारमा अवस्थित छ । स्थानीय बुद्धिजिवीहरुको भनाई अनुसार यसको स्थापना बाह्रौ शताब्दीतिर भएको हो र वि.स. १८८१ मा मन्दिरको जिर्णोदार गरिएको हो । यस मन्दिरमा तामाले मोडिएको शिवलिङ्ग र अन्य २ मुर्ति हरु छन् । परिसर भित्र आकाश भैरव, बटुक भैरव, काल भैरव, गोरखनाथ आदि को मुर्ति छन् । यो धाम चार धाम मध्येको एउटा भएकोले यसको दर्शन नगरी ४ धामको तिर्थ यात्रा पुरा नहुने विश्वास छ । यहाँ बैशाख महिनाको १ गते, विशुवत संक्रान्ति, मकर सक्रान्तिमा र शिवरात्रीमा मेला लाग्दछ । यहाँ आसपासका अछाम, बाजुरा, बझाङ्ग, डोटी कैलाली जिल्लाहरु लगायत छिमेकी मित्रराष्ट्र भारत देखि श्रद्धालु, भक्तजनहरु यस मन्दिरमा दर्शन गर्न आउने गर्दछन् । यस धाममा विद्याश्रम पाठशाला पनि संचालनमा रहेको छ । यस परिसरभित्रै वैद्यनाथ संग्रहालय पनि रहेको र जसभित्र विसं १८४८ मा जर्नेल अमरसिंह थापा नेतृत्वको टोलीले अछाम बिजय गर्दा प्रयोग गरेका हातहतियार राखिएका छन् । हाल सुदूरपश्चिम प्रदेश सरकारले वैद्यनाथ धाम पर्यटन क्षेत्र विकास समिति गठन गरी यस क्षेत्रमा कार्य गर्दै आएको छ ।



## ९) शैलेश्वरी मन्दिरः

शैलेश्वरी मन्दिर डोटी जिल्लाको दिपायल सिलगढी नगरपालिकाको शिलगढीमा अवस्थित छ । स्थानीयका अनुसार यो मन्दिर करिव ५००-६०० वर्ष पहिले स्थापना भएको हो । शैलेश्वरी मातालाई साक्षत देवीको उपमा दिइन्छ । यो मन्दिलाई नेपालको सुदूरपश्चिमका नौ भगवतीहरूका मन्दिरहरूमा एक मन्दिर मानिन्छ । यहाँ प्रत्येक १२ वर्षमा कोटीहवन महायज्ञ लाग्ने गर्छ । १ सय ४४ वर्षमा महाकोटी हवन महायज्ञ लाग्छ । प्यागोडा शैलीमा निर्मित यो मन्दिर कलात्मक र आकर्षक छ । शैलेश्वरी परिसरमा अन्य सात वटा मन्दिरहरु पनि छन । जसमा हनुमान कुण्ड, शिव

मन्दिर, गणेश मन्दिर, भैरव मन्दिर, मष्टा मन्दिर र चण्डेश्वरी मन्दिर छन । मानिसहरुले प्रत्येक वर्षको दशैंको नवरात्री र कार्तिक महिनमा लाग्ने मेलामा यस ठाउँको बढी भ्रमण गर्दछन् । यस मन्दिरमा विशेष गरी सुदूरपश्चिम प्रदेशबाट लगायत देश भरि बाटै आउने गरेका छन । यो मन्दिर खट जात्राको लागि प्रसिद्ध छ । स्थानीय भाषामा यसलाई जात पर्व भनिन्छ । यो जात्रा प्रत्येक १२ वर्षमा कार्त्तिक महिनाको पूर्णिमा तिथिमा लाग्दछ । यस जात्रामा कृष्ण अष्टमीको दिन स्थानीय १२ गाँउहरु मिलेर १२/१२ वर्षमा १२ दिन विषेश पुजा गरी शिलादेवीको मुर्ति राखेर खटजात्रा गरी घुमाउदै मन्दिर परिक्रमा गरिन्छ । स्कन्द पुराणको मानस खण्डमा उल्लेख भएअनुसार शिव विवाहपछि पार्वतीसँग घुम्दै आउने क्रममा यस क्षेत्रको रमणीय दृष्यबाट लोभिएर यसै क्षेत्रमा सयल गर्दै वर्षौं बिताएको उल्लेख छ ।




## १०) बडीमालिका क्षेत्रः

कालीकोट र बाजुरा जिल्लाको सिमानामा पर्ने बडिमालिका समुद्री सतहदेखि करिब ४३०० मिटरको उचाईमा रहेको र यहाँ पुग्नको लागि बाजुरा मार्तडीदेखि पैदलयात्रा ३ दिन सम्म लाग्ने गर्दछ । जिल्लाको सदरमुकाम मार्तडीबाट फुलचडाउना-सोता-घोडा पाटन-कितोचिरना-त्रिवेणी (बुढी नन्दा) माइकामन्दिर-त्रिवेणी क्षेत्र-लैरी विनायक बाशुधारा हुँदै बडीमालिका मन्दिरमा पुगिन्छ । यो क्षेत्र धार्मिक एवं पर्यटकिय दुवै दृष्टिले महत्वपुर्ण रहेको छ । वर्खायाममा देखिने हरियाली र हिउँदमा नजिकै देखिने हिमाल हिउले ढाकिएको भूमि का अलावा २२ पाटन, त्रिवेणी र खेतीबेती बडिमालिकाका मुख्य आकर्षण हुन् । बडिमालिका मन्दिरमा साउन जनैपूर्णिमाको अघिल्लो दिन मेला लाग्ने गर्छ । उक्त मेला भर्न देश तथा विदेशका विभिन्न स्थानबाट दर्शनार्थीहरु आउने गर्दछन । सो अवसरमा डोटी अछाम बाजुरा कालिकोट र जुम्लाको जिल्ला प्रशासन कार्यालयको सरकारी टोलीबाट पनि पुजा गर्ने प्रचलन रहिआएको छ । बडिमालिका घुम्नलाई वैशाखदेखि असोजसम्मको समय उत्तम मानिन्छ । यात्राको क्रममा बाटोमा खान बस्नको लागि केही खर्कहरु भेटिए पनि यात्रा

गर्दा मार्तडीबाटै भरिया सहितको गाइड लिएर टोलीमा जाँदा धेरै रमाइलो र यात्रा सहज हुने कुरा त्यहाँ पुगेर फर्किएकाहरुबाट सुन्न पाइन्छ । धार्मिक पक्षको अलावा साहसिक पर्यटन तर्फ स्की खेलको सम्भावना बडिमालिका क्षेत्रमा प्रचुर रहेको देखिन्छ ।



## ११) सुर्मा सरोवर तालः

सुर्मा सरोवर सुदूरपश्चिमको बझाङ्ग, जिल्ला, सुर्मा गाउँपालिकामा रहेको प्रमुख पर्यटकीय गन्तव्य हो । चाँदेशिखर हिमालको फेदमा समुद्र सतहदेखि १४ हजार फिट उचाइमा रहेको यो ताल बझाङ सदरमुकाम चैनपुरबाट ३० किलोमिटर उत्तर दूरीमा पर्छ । यो तालमा दुर्गादेवीका १६ बहिनीमध्येकी एक सुर्मा देवीको बास रहेको धार्मिक मान्यता छ । यसलाई हिन्दु धर्मावलम्बीहरू सानो कैलाशका रूपमा पनि पूजा गर्छन् । जनैपूर्णिमाका दिन यहाँ विशेष मेला पनि लाग्छ । दार्चुला, बैतडी, डोटी, डडेल्धुरालगायत अन्य जिल्लाबाट पनि दर्शनार्थीहरुको घुइँचो लाग्ने गर्छ । यस तीर्थ स्थलमा जाने श्रद्धालु भक्तजनहरूले सफा, शाहाकारी भोजन र अनिवार्य ब्रहचारी नियम पालन गर्नुपर्दछ । सुर्मा सरोवर तालको छेउमा सुर्मा देवीको मन्दिर छ । यस क्षेत्रमा स्थानीय मानिसहरु यार्चा टिप्न समेत जाने गर्दछन् ।



## १२) खप्तड राष्ट्रिय निकुञ्जः

खप्तड पर्यटकीय क्षेत्रले सुदुर पश्चिमका ४ वटा जिल्ला डोटी, बझाँङ्ग, बाजुरा, र अछामका विभिन्न भागहरु समेटदछ । यस खप्तड क्षेत्र भित्र त्रीवेणीधाम, सहस्रलिङ्ग, खप्तड बाबा कुटी,घोडा दाउने पाटन, खप्तड दह, डाँफेकोट,गणेश पाटन, नागढुङ्गा रहेका छन् । खप्तड पुग्नको लागि धनगढीबाट डोटी जिल्लाको सदरमुकाम सिलगढी पुग्नुपर्ने र सिलगढीबाट स्थानीय जिपमा १ घण्टा यात्रा गरी झिग्राना पुग्न सकिन्छ । झिग्रानाबाट खप्तड पैदल ८ घण्टा समय लाग्दछ । अर्को बाटोको रुपमा धनगढीबाट बझाङ्गको तमैल बजारसम्म गाडिमा र तमैलबाट स्थानीय जिपमा लोखडा पुगेपछि त्यहाँबाट ५ घंटाको पैदल यात्रापछि यात्रा पछि खप्तड क्षेत्र पगिन्छ । बाजुरा र अछाम जिल्लाबाट पनि बझांगको खप्तडछान्ना गाउँपालिकाको गडराय गाउँ हुँदै खप्तड क्षेत्र प्रवेश गर्न सकिन्छ । खप्तड क्षेत्रमा बस्न र खानको लागि सामान्य होटल रहेका छन् । तर ठुलो संख्यामा मानिसहरु एकैपटक जानुपर्दा पर्याप्त बासको व्यवस्था मिलाउन केही कठिन हुने भएकोले वन्दोस्तीका सामान लिएरै जाँदा उपयुक्त हुने गर्दछ। प्राकृतिक धार्मिक र साँस्कृतिक विविधताले भरिएको खप्तड क्षेत्रमा २२ वटा ठूला पाटनहरु र ५२ वटाहरु झोताहरु (रुखका थुम्काहरु) रहेका छन । यो स्थान गंगा दशहरा मेला र जनै पूर्णिमामा लाग्ने खप्तड जात्राको लागि प्रसिद्ध छ। खप्तड बाबाले ५० औं वर्ष ध्यान गरेको क्षेत्र हुनुका साथै हरिया ठुला ठुला पाटनहरु सहित प्राकृतिक तथा जैविक विविधताका हिसावले यसको महिमा अझै बढेको छ। यो क्षेत्रमा हिउँदमा धेरै हिउँ पर्ने भएका कारण चैत्र देखि असोज सम्मको समय भ्रमणका लागि उपयुक्त मानिन्छ ।



## १३) त्रिपुरा सुन्दरी मन्दिरः

बैतडी जिल्लाको दशरथचन्द नगरपालिकामा अवस्थित त्रिपुरा सुन्दरी मन्दिर सदरमुकामबाट करिब ३ कि.मि.टाढा छ। यहाँ पुग्न सडकमार्गको सहज पहुँच छ। यस जिल्लाको सदरमुकाम पुग्न कैलाली

जिल्लाको अत्तरीयाबाट महाकाली राजमार्ग हुँदै करिब १० घण्टा लाग्छ । उक्त मन्दिर रणशैनी भगवतीको नामले समेत चिनिन्छ । यस मन्दिरलाई माता भगवतीको स्वरूप मानेर पूजा आराधना गर्ने गरिन्छ । भगवतीको दर्शन गरेमा मनोकामना पूरा हुने, दुष्टको मानमर्दन हुने र भक्तजनको कल्याण हुने विश्वास गरिन्छ । यस मन्दिरमा असार महिनामा अषाढी जात, साउन अथवा भदौमा रक्षावन्धनका दिन वोगाल जात, कार्तिक शुक्ल नवमीका दिन कार्तिक जात मनाइन्छ । कात्तिकको जातका अवसरमा राँगा र बोकाको बली दिने चलन रही आएको छ । यस मन्दिरमा सुदूरपश्चिमका विभिन्न जिल्लाहरु लगायत छिमेकी भारतबाट पनि पर्याप्त मात्रामा दर्शनार्थीहरु आउने गर्दछन् ।



## १४) बेहडाबाबा मन्दिर;:

कैलाली जिल्लाको प्रसिद्ध धार्मिकस्थलको रुपमा रहेको बेहडाबाबा मन्दिर धनगढी उपमहानगरपालिका-१६ स्थित रामपुर गाँउमा रहेको छ । धनगढीबाट बेहडाबाबा मन्दिर पुग्नको लागि कच्ची र पक्की बाटो गरी करीब १७ किमीको यात्रा गर्न गाडीमा करीब ४५ मिनेट समय लाग्ने गरेको छ । बेहडाबाबा मन्दिरमा वर्षभरि नित्यपूजा (बिहान र बेलुका) हुने गरेको भएतापनि सोमबार र शनिबार बढि संख्यामा भक्तजनहरुको उपस्थिति हुने गरेको छ । एकतले यस मन्दिरभित्र शिवलिङ्ग र नजिकमा शालिग्राम छ । बेहडाबाबालाई भारतीयहरुले कुलदेवताको रुपमा मान्ने गरेका छन् । तसर्थ, यस क्षेत्रमा लाग्ने गंगा दशहरा, महाशिवरात्री, माघे संक्रान्ति, दशैं र चैते दशैं मेलामा निकै संख्यामा भारतीय पर्यटक सबैभन्दा बढी अवलोकन गर्न पुग्छन् ।



## १५) मालिकार्जुन मन्दिरः

दार्चुला जिल्ला मालिकार्जुन गाउँपालिकामा अवस्थित मालिकार्जुनधाम मन्दिर रमणीय तथा धार्मिक पर्यटकीय स्थल हो । मालिकार्जुन मन्दिर सदरमुकाम खलंगा नपुग्दै लगभग ५० किलोमिटर वरै राजमार्ग नजिकैमा रहेको छ । शिवपुराण लगायत विभिन्न पौराणिक धार्मिक ग्रन्थहरुमा देवाधिदेव महादेवका १२ ओटा ज्योतिर्लिंङग मध्ये एउटा ज्योतिर्लिंङगको रुपमा मालिकार्जुन मानिएको छ । धार्मिक एवं पूरातात्विक महत्वले भरिपूर्ण मालिकार्जुन मन्दिरमा हरेक दिन श्रद्धालु भक्तजनहरु आउने र पूजाआजा गर्ने गर्दछन् । मालिकार्जुन मन्दिरमा विशेषगरी भदौमा गौरा पर्व र कार्तिक, मंसीर महिनामा विशाल जात्रा लाग्ने गरेको छ । भगवान शिव मालिकार्जुन अवतारको रुपमा यस क्षेत्रमा बिराजमान रहेको कुरा स्कन्द पुराण मानसखण्डले पनि पुष्टि गरेको छ । वरिपरि जंगल भएको रमणीय थुम्कोमा यो मन्दिर विराजमान रहेको छ ।



## १६) परशुरामधामः

स्कन्दपुराणको मानसखण्डमा उल्लिखित सबै तीर्थ पटक-पटक, परशुरामधाम एकपटक भन्ने भनाइले नै परशुरामधामको धार्मिक महत्व दर्शाउँछ । डडेलधुरा जिल्लाको दक्षिण पश्चिम तथा डडेलधुरा तथा कञ्चनपुर जिल्लाको सीमानामा अवस्थित परशुरामधाम अत्तरिया-डडेलधुरा (भीमदत्त पन्त राजमार्ग) को बुडर, डोटी देखि करिब ४२ कि.मि. टाढा रहेको छ । श्यामा (महाकाली) र एला (रंगुन) नदीको संगममा रहेको यस तीर्थमा भृगुवंशी महर्षि जगदग्नी र रेणुका पुत्र परशुरामले तपस्या गरेको विभिन्न पुराणहरूमा वर्णन गरिएको छ। परशुरामधाममा पुस महिनाको मसान्त तथा माघे सङ्क्रान्तिको अवसरमा मेला लाग्ने गर्छ। प्राकृतिक सुन्दरताले भरिपूर्ण यो पवित्र तीर्थस्थल क्षेत्र महाकाली नदीको किनारामा अवस्थित रहेको छ भने महाकाली पारि भारतीय भुमि पर्दछ । यस क्षेत्रमा यज्ञादिसँगै विवाह, व्रतबन्ध आदि संस्कार र अनुष्ठान गर्ने गरिन्छ। महाकालीको तिरैमा अवस्थित यो क्षेत्र पावन भुमिका अलावा प्राकृतिक रुपमा समेत एकदमै रमणीय र मनमोहक छ । महाकाली नदीको अवलोकनसँगै नदीबाट बहने हावा र नदीको सुसेलीले वातावरण रौम्य बनाईरहेको हुन्छ ।



## १७) निङ्गलासैनी भगवती मन्दिरः

बैतडी जिल्लाको देहिमाण्डौंमा अवस्थित निङ्गलासैनी मन्दिर सुदूरपश्चिमको एक प्रमुख मन्दिर मानिन्छ। यो मन्दिरलाई सुदूरपश्चिमका सात भगवती मध्ये एक भगवती मानिन्छ। निंगलाशैनी भगवती मन्दिरमा चैतको नवरात्र, अनन्त चतुदर्शी, असोजको नवरात्र र धान्य पूर्णिमका दिन विशेष पूजाआजासहित जात्रा लाग्ने गर्छ । उक्त अवसरमा यस मन्दिरमा टाढा टाढाबाट भक्तजनहरू आउने गर्दछन् । यस मन्दिरमा हरेक वर्ष मंसिर शुक्ल पूर्णिमाका दिन जमानी जात्रा आयोजना

हुने गरेको छ। जमानी जात्रामा निंगलाशैनी भगवतीको भण्डार प्रदर्शन गर्ने चलन रहिआएको छ। भगवतीको भण्डार प्रदर्शन हुने भएकाले टाढा-टाढाबाट समेत भक्तजन दर्शनका लागि आउने गर्दछन्। धनगढीबाट बैतडी सदरमुकाम जाने मुल राजमार्गमै बैतडी जिल्ला सदरमुकामबाट करिव १२ कि.मि. दुरीमा यो मन्दिर अवस्थित रहेकोले दर्शनार्थीहरुलाई मन्दिर क्षेत्र पुग्न सहज हुने गरेको छ।



## १८) टिकापुर पार्कः

टिकापुर पार्क पुग्न धनगढीबाट अत्तरिया लम्की भएर टिकापुर पार्क पुग्न ९८ कि.मी. यात्रा गर्न पर्दछ। धनगढीबाट हुलाकी राजमार्ग भएर पनि ६६ कि.मी दुरी पार गरी यो स्थान पुग्न सकिन्छ। नेपालगंजबाट पनि हुलाकी राजमार्ग हुदै यो स्थानमा पुग्न सकिन्छ। १३ विघा क्षेत्रफलमा फैलिएको पार्कमा महेन्द्र आरोग्य गृह, रत्न उद्यान, वीरेन्द्र विश्राम बाटिका, ऐश्वर्य उद्यान पर्यटकले रुचाएका छन्। पार्कमा ४५ प्रजातिका गुलाब सहित विभिन्न प्रकारका वनस्पतिहरु रहेका छन्। पार्कसँगैको रहेको कर्णाली नदीमा चल्ने र्याफ्टिङ्ग, जेट स्कीले पनि पर्यटकलाई लोभ्याइ रहेकोछ। राजा महेन्द्रका पालामा पार्कको स्थापना भएकाले यस पार्कलाई स्थानीय बासिन्दाले बंगलाका नामले समेत सम्बोधन गर्ने गर्दछन। पञ्चायती शासन बेला यो पार्क राजाहरूको आराम गृहका रुपमा रहेको थियो। राजा महेन्द्र, वीरेन्द्र लगायत तराईमा शिकार गर्न आउने बेला यस पार्कमा परिवारसहित बस्ने गरेका थिए। राजा वीरेन्द्र बस्ने घरलाई वीरेन्द्र विश्राम बाटिका नामको काठले बनेको बंगला र राजा महेन्द्र बस्ने महेन्द्र आरोग्य केन्द्र, रत्न बाटीका, ऐश्वर्या वाटिका अहिले पनि पार्कमा संरक्षण गरेर राखिएका छन। यो पार्कमा बढिजसो मानिसहरु बनभोज खान, विदा मनाउन आउने गर्दछन्। टिकापुर बजार नजिकै रहेको यो क्षेत्रमा पर्याप्त मात्रामा खाने बस्ने होटलहरु रहनुका साथै केराका परिकारका लागि प्रसिद्ध कटेज/रेष्टुरेन्टहरु पनि नजिकै रहेका छन्।



## १९) शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज :

कञ्चनपुरमा पर्ने यो राष्ट्रिय निकुञ्ज प्रदेशको अस्थायी मुकाम धनगढीबाट करिब ६२ किलोमिटरको दूरीमा रहेको छ । बाह्रसिंगा अवलोकनका लागि प्रख्यात यो राष्ट्रिय निकुञ्जमा ठूला ठूला घाँसे मैदान त्यसमा बाह्रसिंगाको ठूलो झुण्ड अवलोकन गर्न पाइन्छ । यसैगरी, हिरापुर घाँसे मैदानमा रहेको कृष्णसार जुनसुकै बेला अवलोकन गर्न सकिन्छ । यस निकुन्जमा दुर्लभ पाटेबाघ, एकसिङ्गे गैडा, जङ्गली हात्ती लगायतका स्तनधारी वन्यजन्तु समेत पाइन्छन् । ३०५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा ७०० प्रजातिका वनस्पति, ४५० प्रजातिका चरा, ५६ प्रजातिका सरिसृप, २८ प्रजातिका माछा पाइन्छन् । राष्ट्रिय निकुञ्जको भ्रमणमा आएका पर्यटकहरुले निकुञ्जको अवलोकनपछि केही मिनेटकै दूरीमा रहेको दोधारा चाँदनी झोलुङ्गे पुलको अवलोकन गर्न सक्छन् । यस निकुन्जको मध्यवर्ति क्षेत्र आसपासमा बस्न खानका लागि राम्रो होटल र निकुन्ज अवलोकनका लागि जंगल सफारीको पनि पर्याप्त व्यवस्था रहेको छ ।





## २०) रामारोशन क्षेत्रः

अछाम जिल्लाको पूर्वीत्तरमा पर्ने रामारोशन गाउँपालिकाको माथिल्लो भागमा समुन्द्री सतहबाट २५४६ मिटरको उचाईमा यो क्षेत्र रहेको छ । यसै तालक्षेत्रमा कैलास खोलाको मुहान रहेको छ । यहाँ साना ठूला गरी १२ वटा तालहरु (बाह्र वण्ड) र १८ वटा रमणीय मैदानहरु (अठार खण्ड) रहेका छन् । स्थानीय भाषामा यसलाई बाह्र वण्ड अठार खण्ड पनि भन्ने चलन छ । रहर लाग्दा फाँटहरु, मनमोहक तालहरु, अनेक थरीका फूलहरु, तालमा पौडिरहेका जलहाँसहरु, राष्ट्रिय पंछी डाँफे, मुनाल, चराचुरुंगी र अन्य दुर्लभ वन्यजन्तुहरु कस्तुरी मृग तथा अन्य विभिन्न जनावरहरुको उपस्थितिले यो क्षेत्रलाई विशेष बनाएको छ । जनश्रुति अनुसार यस क्षेत्रका रामे र रोशन नामका दुईवटा मैदान रहेका र पछि दुबैवटा स्थानहरुलाई जोडेर रामारोशन हुन गएको हो भन्ने भनाई छ ।

रामारोशन क्षेत्रमा क्यान्सर रोगको औषधी बन्ने लौठ सल्ला लगायत कुरिल्लो, सतुवा, सुगन्धवाल, दालचिनी, पाँचऔले, गदाल्नु जस्ता औषधिय गुण भएका वनस्पतिका अलावा विभिन्न जिवजन्तुहरु पाइने गरेको छ । रातो, सेतो र गुलाबी रंगका गरी ९ प्रकारका लालीगुराँस र राष्ट्रिय चरा डाँफे यस ठाउँमा पाइन्छन् । विभिन्न जिल्लाहरुका अलावा साँफेबगर र मंगलसेनबाट कच्ची सडकमा जिपको यात्रा गरी त्यहाँ पुग्न सकिन्छ । यस क्षेत्रमा बस्न खानको लागि होमस्टे तथा होटलहरु खुलिसकेका छन् भने तालमा डुंगा चलाउने व्यवस्था पनि रहेको छ । हाल सुदुरपश्चिम प्रदेश सरकारले रामारोशन क्षेत्र पर्यटन विकास समिति गठन गरी उक्त समितिले यस क्षेत्रको विकास र प्रचारप्रसारका लागि काम गरिराखेको छ ।



## २१) वेदकोट तालः

कञ्चनपुर जिल्लाको वेतकोट नगरपालिकामा रहेको वेदकोट ताल सुन्दर, शान्त वातावरणमा रमाउन चाहनेहरुको लागि उपयुक्त गन्तव्य हो। कंचनपुर जिल्लाको सदरमुकाम महेन्द्रनगरबाटबाट यहाँ आउन गाडीबाट १ घण्टा समय लाग्दछ। पुर्व पश्चिम राजमार्गमा रहेको दैजी बजारबाट ७ कि.मि. उत्तर चुरे क्षेत्रमा यो ताल अवस्थित छ। हाल महेन्द्रनगरबाट दैजी हुदै यसै तालक्षेत्र भएर डडेल्धुराको जोगवुडा जाने छोटो सडकमार्ग समेत संचालनमा रहेको छ। यहाँको मौसम सामान्यतया शितल, चिसो छ। धार्मिक पुजापाठका अलावा गर्मी समयमा गर्मी छल्न समेत पर्यटकहरु यस क्षेत्रमा भ्रमण गर्ने गर्दछन्।




## २२) भोपुर/चैनपुर दरवारः

चैनपुर दरवार, बझाङ्ग जिल्लाको सदरमुकाम, चैनपुर नगरपालिकामा अवस्थित छ। यो स्थल बझाङ्ग जिल्लाको सदरमुकाम चैनपुर बजारबाट उत्तरतर्फ रहेको ३ कि.मि. टाढा छ। स्थानिय जानकारले बताए अनुसार यसको स्थापना १८१२ वि.स. मा भएको हो। यसलाई भोपुर दरवार पनि भनिन्छ। जिल्ला सदरमुकामबाट यहाँ आउन गाडीबाट १० मिनेट र पैदलमार्गबाट ३० मिनेट समय लाग्दछ। सेती नदीको किनारैमा अवस्थित रहेको यो दरवार प्राचिनकालका राजा भुपेन्द्र जङ्ग बहादुर सिहले निर्माण गरेका हुन। २०७२ सालको भुकम्पपश्चात यो दरवारमा क्षति भएकोले दरवारभित्र जान निषेध गरिएको छ। हाल यो दरवार परिसरमा नेपाली सेनाको व्यारेक बसेको छ। यसै दरवार नजिक राजा जयपृथ्वी बहादुर सिंहले स्थापना गरेको सत्यवादी स्कुल पनि अवस्थित रहेको छ। मुख्य दरवार (कोट बेसी) अग्लो स्थानमा भएकोले जाडोको समयमा निकै ठण्डा हुने हुँदा न्यानो ठाउँ कमलतडो (चैनपुर) भएकोले यो दरवार बझाङ्गी राजाले जाडो महिनामा प्रयोग गर्ने गरी बनाईएको दरवार थियो।



## २३) अमरगढी किल्लाः

अमरगढी किल्ला डडेल्धुरा जिल्लाको सदरमुकाम अमरगढी न.पा. अमरगढी टोलमा पर्दछ । अमरगढी पुग्न कैलाली जिल्लाको अत्तरियाबाट महाकाली राजमार्ग हुदै ५ घण्टा लाग्छ । यहाँको मौसम सामान्यतया चिसो छ । यो स्थल एक ऐतिहासिक किल्ला हो र यस किल्ला भित्र काल भैरवको मन्दिर समेत रहेको छ । समुद्री सतहबाट करिब ६ हजार ५०० फिट उचाइमा अवस्थित अमरगढी किल्ला बडाकाजी अमरसिंह थापाले राज्य विस्तार गर्ने क्रममा स्थापना गरेका थिए । यो किल्ला विशाल ढुङ्गाले कलात्मक तरिकाले बनाइएको छ । किल्लाभित्र युद्ध गर्नको लागि २२ वटा गुफाहरु बनाइएको छ । नेपालका जीवित किल्लामध्येको पहिलो किल्ला अमरगढी रहेको विज्ञहरूको भनाइ छ । अमरगढी र सिन्धुलीस्थित सिन्धुलीगढीलाई मात्र हालसम्म जीवित किल्लाको रुपमा लिइन्छ । यहाँ किल्लाको अवलोकन गर्न र काल भैरव मन्दिरको दर्शन गर्न मानिसहरु आउँदछन् । यो किल्ला ठुला ठुला चट्टानहरु मिलाएर यो निर्माण भएको छ । विभिन्न अध्ययन अनुसन्धान र शैक्षिक भ्रमण लगायत कार्यका लागि मानिसहरु आउने गरेको यस किल्लामा प्रवेशका लागि निश्चित शुल्क तोकिएको छ ।






## २४) अजयमेरु कोटः

अजयमेरु कोट डडेल्धुरा जिल्लाको अजयमेरु नगरपालिका वडा नं. ७ अजयमेरु टोलमा अवस्थित छ । यो स्थल डडेलधुरा जिल्लाको सदरमुकाम अमरगढी बाट पश्चिमदिशामा पर्दछ र यहाँबाट १७ कि.मि. टाढा छ । जिल्ला सदरमुकामबाट यहाँ आउन गाडीबाट जम्मा १ घण्टा र पैदल ३ घण्टा समय लाग्दछ । स्थानिय बासिन्दाहरुको भनाई अनुसार यस कोटको स्थापना कत्युरी राजवंशका अजयपाल राजाबाट ११ औं शताब्दीतिर भएको हो भन्ने एकथरी भनाइ उल्लेख भएता पनि यसको स्थापनासँग सम्बन्धित एकीन तथ्यांक भेट्टाउन सकिएको छैन । यसलाई रणथम्मकोट तथा हाँटकोटको नामले पनि चिनिन्छ। बाइसे राज्यकालीन डोटी राज्यको राजधानी अजयमेरुकोट प्राचीन कलाको उत्कृष्ट संयोजनबाट निर्मित दरबार, देबल, पानीका न्वाला, घोडा तबेला, बैठक कक्ष, पोखरी आदि वास्तुकलाको आकर्षण केन्द्र हो । यस कोटको खास विशेषताहरु मध्ये विशाल चट्टान माथि करिव ५ रापनीको थुंकोमा रहेको किल्लाको अवशेष तिनतिर मजारगाड (खोला) ले घेरिएको मध्यकालीन किल्लावास्तु कलाको महत्वपुर्ण रुप हुन् ।



## २५) अपि हिमाल आधार शिविरः

समुद्री सतहबाट ७ हजार १ सय ३२ मिटर उचाइमा रहेको अपि हिमाल दार्चुला जिल्लाको अपिहिमाल गाउँपालिकामा पर्छ। यो हिमालसम्म पुग्न दार्चुला सदरमुकामबाट तीनवटा रुट छन्। सबैभन्दा छोटो रुट दार्चुला सदरमुकाम खलंगाबाट हुती, सुन्सेरा, राप्ला हुँदै व्यास भएर अपि हिमालसम्म पुग्न सकिन्छ । यो बाटो त्रिदेशीय सीमा क्षेत्रमा पर्ने हुँदा प्राविधिक हिसावमा केही कठीन छ । दोस्रो रुटका रूपमा दार्चुला सदरमुकामदेखि खार, सिप्टी र सितोला हुँदै अपि बेस क्याम्पसम्म पुगिन्छ । तेश्रो रुट पर्यटक र पर्वतारोहीहरूका लागि सबैभन्दा छोटो रुटका रूपमा दार्चुलाको गोकुलेश्वर हुँदै मकरीगाड, गुल्जर, घुसाको रुट रहेको छ। धनगढीबाट गोकुलेश्वरसम्म बसमा र गोकुलेश्वरबाट मकरीगाडसम्म स्थानीय जीपको यात्रापश्चात मकरीगाडबाट २ दिन दिन पैदल यात्रापछि अपि हिमाल बेस क्याम्पसम्म पुग्न सकिन्छ । अपि हिमालसम्म पुग्न आउने

पर्यटक र पर्वतारोहीहरूले प्रायः यही रुटलाई प्रयोग गर्ने गर्छन् । यस पदमार्गमा यात्रु विश्राम गृह सहित खाने बस्ने व्यवस्था पनि उपलब्ध रहेको भएता पनि ठुलो संख्यामा पर्यटक जानुपर्दा आफ्नै बन्दोवस्तीका सामान लिएर जाँदा उपयुक्त हुन्छ । बाटो निकै सजिलो र सूचना पाटीयुक्त छ । अपि हिमालको ठ्याक्कै काखमा चमेलिया खोलाको मुहान छ, हाँबाट करिब तीन घण्टाको दूरीमा अत्यन्त आकर्षक कालीढुङ्गा ताल रहेको छ । यस क्षेत्रमा सिजनमा यार्सागुम्बा टिप्न जानेहरुको पनि भिड हुने गर्दछ । प्राकृतिक छटाले भरिपूर्ण र बहुमुल्य जडीबुटीको भण्डार रहेको यो क्षेत्र भविष्यमा एक उपयुक्त गन्तव्य हुने देखिन्छ ।



## २६) साइपाल हिमाल आधार शिविरः

यो क्षेत्र बझांग जिल्लाको उत्तरी भेगको साइपाल गाउँपालिकामा पर्छ । समुन्द्री सतहबाट ७ हजार ३१ मिटर उचाइमा रहेको साइपाल हिमालको आधारशिविर पुग्न बझांगको सदरमुकाम चैनपुरबाट १८ किलोमिटर जीपको यात्रा पछि लगातार ४ देखि ५ दिनको पैदल यात्रा तय गर्नुपर्छ । प्राकृतिक सौन्दर्य र पर्यटकीय सम्भावना हिसाबले पनि धनी साइपाल हिमालबाटै सेती नदीको उत्पति भएको छ । यस हिमालले नेपालको हुम्ला र बझाङ जिल्लाको सिमानाको काम गरेको छ । स्थानियहरुले साइपाल र आसपासका चुचुराहरुमा लाँगा, वाँठपाला, भवानी लगायतका देविदेवताको वासस्थान रहेको विश्वासका साथ भक्ति पूर्वक पुजा आजा समेत गर्दछन । ढाँकी छडा झरना किनाडा झरना, दोतले झरना, औलागाड झरना पनि यो पदयात्रा मार्गका आर्कषण हुन । डाँफे, मुनाल जस्ता चराचुरुडी तथा नाउर र झारलका बथानहरुको प्रत्यक्ष अवलोकन गर्ने मौका यो बाटो हिड्नेले पाउदछन् । सेती नदीको किनारै किनार साइपाल गाउँपालिकाको धलौनसम्म पुगे पछि समुन्द्र सतह देखि ३ हजार तिन समय मिटरको उचाईमा रहेको रस्यालेक पार गर्नुपर्छ । त्यहाँबाट २ घण्टाको ओरालो झरे पछि सेतीको मुख्य सहायक नदी घाटगंगाको किनारै किनार साइपाल बेसक्याम्प

सम्म पुग्न सकिन्छ । यार्सागुम्बा टिप्ने सिजनमा यस हिमालको पाटनमा बझांग लगायत छिमेकी जिल्लाबाट संकलकहरु पुग्ने गरेका छन् ।



## कार्यालय स्थापनापश्चात प्रदेश प्रमुखज्यूबाट हालसम्म प्रमाणीकरण भएका विभिन्न विधेयकहरु

| सि.नं. | विधेयकको नाम | प्रमाणीकरण भएको मिति | कैफियत |
|---|---|---|---|
| १ | प्रदेश नं. ७ प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न वनेको विधेयक, २०७४ | २०७४।१२।३० | |
| २ | विनियोजन विधेयक, २०७५ | २०७५।१।१९ | |
| ३ | स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धमा व्यस्था गर्न बनेको विधेयक, २०७५ | २०७५।३।३ | |
| ४ | सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५।३।३ | |
| ५ | नीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५।३।३ | |
| ६ | प्रदेश नं. ७ प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको विधेयक, २०७५ | २०७५।३।२६ | |
| ७ | प्रदेश नं. ७ प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७५ | २०७५।३।२६ | |
| ८ | प्रदेश नं. ७ प्रदेश आकस्मिक कोषको व्यवस्था गर्न वनेको विधेयक, २०७५ | २०७५।३।२६ | |
| ९ | जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५।५।३ | |
| १० | गाउँ सभा र नगर सभाको कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५।५।३ | |
| ११ | मुख्य न्यायधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७५ | २०७५।५।३ | |
| १२ | प्रदेश कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५।६।८ | |
| १३ | स्थानीय तहलाई वित्तिय हस्तान्तरण व्यवस्थापन गर्न वनेको बनेको विधेयक, २०७५ | २०७५।६।८ | |
| १४ | मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७५ | २०७५।६।१७ | |
| १५ | प्रदेश सभा पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७५ | २०७५।६।२१ | |
| १६ | सुदूरपश्चिनम प्रदेशको आर्थिक ऐन पहिलो (संशोधन), २०७५ | २०७५।६।२५ | |

| सि.नं. | विधेयकको नाम | प्रमाणीकरण भएको मिति | कैफियत |
|---|---|---|---|
| १७ | प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७५ | २०७५।६।२५ | |
| १८ | सुदूरपश्चिम प्रदेशको प्रदेश सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५।१२।२९ | |
| १९ | प्रादेशिक वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५।१२।२९ | |
| २० | सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभूति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५।१२।२९ | |
| २१ | प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७५ | २०७६।१।२२ | |
| २२ | सुदूरपश्चिम प्रदेश विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५ | २०७६।१।२२ | |
| २३ | सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक,२०७५ | २०७६।१।२२ | |
| २४ | सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७५ | २०७६।३।१ | |
| २५ | प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७५ | २०७६।३।१८ | |
| २६ | विनियोजन विधेयक, २०७६ | २०७६।३।३१ | |
| २७ | प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको विधेयक, २०७६ | २०७६।३।३१ | |
| २८ | सुदूरपश्चिम प्रदेश लोक सेवा आयोगको गठन, काम कर्तव्य र अधिकारका सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७६ | २०७६।४।१५ | |
| २९ | सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्ने विधेयक, २०७६ | २०७६।४।१५ | |
| ३० | केही प्रदेश ऐन संशोधन गर्न वनेको विधेयक, २०७६ | २०७६।५।४ | |
| ३१ | सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपंक्षि व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७६ | २०७६।५।४ | |
| ३२ | निजी व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ | २०७६।११।२२ | |
| ३३ | साझेदारी व्यवसाय सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७६ | २०७६।११।२२ | |
| ३४ | सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न वनेको विधयेक, २०७६ | २०७७।३।११ | |
| ३५ | स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक | २०७७।३।११ | |

| सि.नं. | विधेयकको नाम | प्रमाणीकरण भएको मिति | कैफियत |
|---|---|---|---|
| ३६ | सुदूरपश्चिम प्रदेश खेलकुद सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ | २०७७।३।१६ | |
| ३७ | सुदुरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावालई कार्यन्वयन गर्न बनेको विधेयक, २०७७ | २०७७।३।२९ | |
| ३८ | आर्थिक वर्ष २०७७। ०७८ को सेवा र कार्यहरुको लागि प्रदेश संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ | २०७७।३।२९ | |
| ३९ | प्रदेश लोक सेवा आयोग ऐन २०७६ संशोधन (पहिलो संशोधन) गर्न बनेको विधेयक | २०७७।५।८ | |
| ४० | रेडियो, एफ.एम. र टेलिभिजन प्रशासरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ | २०७७।५।१८ | |
| ४१ | सुदूरपश्चिम प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ | २०७७।५।१८ | |
| ४२ | प्रदेश लोकसेवा ऐन, २०७६ लाई संशोधन (दोश्रो संशोधन) गर्न बनेको विधेयक, २०७७ | २०७७।१२।१३ | |
| ४३ | सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ | २०७७।१२।२० | |
| ४४ | सुदूरपश्चिम प्रदेशको वीउविजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ | २०७८।१।७ | |
| ४५ | प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७७ | २०७८।१।७ | |
| ४६ | सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक, २०७७ | २०७८।१।७ | |
| ४७ | सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, २०७७ | २०७८।१।११ | |
| ४८ | सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ | २०७८।२।१० | |
| ४९ | सुदूरपश्चिम प्रदेश विनियोजन विधेयक, २०७८ | २०७८।३।२८ | |
| ५० | सुदूरपश्चिम प्रदेश आर्थिक विधेयक, २०७८ | २०७८।३।२८ | |
| ५१ | सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७८।४।१४ | |
| ५२ | सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७८।४।२० | |
| ५३ | प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन (तेश्रो संशोधन) गर्न बनेको विधेयक, २०७८ | २०७८।६।१५ | |

| सि.नं. | विधेयकको नाम | प्रमाणीकरण भएको मिति | कैफियत |
|---|---|---|---|
| ५४ | सुदूरपश्चिम प्रदेश खेलकुद ऐन, २०७६ लाई संशोधन गर्न वनेको विधेयक, २०७८ | २०७८।८।६ | |
| ५५ | सुदूरपश्चिम प्रदेश पशु विकास तथा पशु स्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७८ | २०७८।९।५ | |
| ५६ | सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्ड (पहिलो संशोधन) ऐन, २०७८ | २०७९।१।१३ | |
| ५७ | दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७८ | २०७९।१।२२ | |
| ५८ | विनियोजन विधेयक, २०७९ | २०७९।३।३२ | |
| ५९ | सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको विधेयक, २०७९ | २०७९।३।३२ | |
| ६० | सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठन ऐन, २०७७ लाई संशोधन गर्न वनेको विधेयक, २०७९ | २०७९।५।७ | |
| ६१ | सुदूरपश्चिम प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधानको व्यवस्था गर्न वनेको विधेयक, २०७९ | २०७९।५।७ | |
| ६२ | प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७९ | २०७९।५।७ | |
| ६३ | सुदूरपश्चिम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७९ | २०७९।५।२३ | |
| ६४ | सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न वनेको विधेयक, २०७९ | २०७९।५।२३ | |
| ६५ | सुदूरपश्चिम प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९ | २०७९।५।३१ | |
| ६६ | सुदूरपश्चिम प्रदेश निजामती सेवाको गठन सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९ | २०७९।५।३१ | |
| ६७ | सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०७९ लाई संशोधन गर्न वनेको विधेयक | २०८०।२।३० | |
| ६८ | सुदूरपश्चिम प्रदेश विनियोजन विधेयक, २०८० | २०८०।३।३१ | |
| ६९ | सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको विधेयक, २०८० | २०८०।३।३१ | |
| ७० | सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ लाई संशोधन गर्न वनेको विधेयक | २०८०।६।३० | |
| ७१ | सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक | २०८१।५।९ | |

| सि.नं. | विधेयकको नाम | प्रमाणीकरण भएको मिति | कैफियत |
|---|---|---|---|
| ७२ | प्रदेश विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक | २०८१।५।९ | |
| ७३ | सुदूरपश्चिम प्रदेश सामयिक राजस्व संकलन सम्बन्धी व्यवस्था गर्न वनेको विधेयक, २०८१ | २०८१।६।२ | |
| ७४ | सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको विधेयक, २०८१ | २०८१।६।८ | |
| ७५ | आर्थिक वर्ष २०८१ । ०८२ को सेवा र कार्यको लागि प्रदेश संचित कोषबाट विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०८१ | २०८१।६।८ | |
| ७६ | सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक | २०८१।११।२ | |

## सन्दर्भ सामग्रीहरु


१. नेपालको संविधान

२. प्रदेश प्रमुखको काम कर्तव्य र अधिकार सम्बद्ध अन्य संघीय तथा प्रदेश कानुनहरु

३. सुदूरपश्चिम प्रदेशको वस्तुस्थिति विवरण, २०८१

४. सुदूरपश्चिम प्रदेश सरकारको वार्षिक प्रतिवेदन (आ.व. २०८०/८१)

५. सुदूरपश्चिम प्रदेशको तथ्यांकीय झलक, २०८०

६. विभिन्न प्रदेशका प्रदेश प्रमुखको कार्यालयबाट प्रकाशित स्मारिका, मुखपत्र, दर्पण आदि

७. राष्ट्रिय तथ्यांक कार्यालयबाट प्राप्त विवरणहरु

८. विभिन्न पत्रपत्रिका तथा सरकारी तथा अन्य वेवसाइटहरुबाट प्राप्त विवरणहरु